# गीताञ्जली

रवीन्द्रनाथ ठाकुर

# विषयक्रम


१. अन्तर्विकास
२. सधैं नयाँ
३. सागरमा ज्वारभाटा
४. सुनको थालमा
५. भास्कर रश्मी
६. रात्रि-प्रतीक्षा
७. विरह आलोक
८. सावन-धन
९. आषाढको सन्ध्या
१०. अभिसार
११. ध्वनि-जाल
१२. अदेख-बिलौना
१३. घाटमा
१४. मेघोन्माद
१५. प्यारो व्यथा
१६. प्रेम-संकेत
१७. विश्व-सभा
१८. निमन्त्रणा
१९. ध्वनि
२०. प्रवल प्रवाह
२१. पूर्ण आशा
२२. राखीको डोरी
२३. रक्षा-बन्धन
२४. आनन्द-यज्ञ
२५. नि.स्वर वीणा
२६. दीप्ति-पुष्प
२७. वसन्त
२८. राजगद्दी
२९. एकपटक
३०. जीवन-पोखरी
३१. ऊ आइरहेको छ
३२. नयाँ तार
३३. मुगलानको तिथि
३४. विराट् रुप
३५. सुनसान स्वर
३६. गीत-सुधा
३७. अपहरण
३८. प्राणमा भय
३९. जल-विहार
४०. संसार-यात्रा
४१. जल-धारा
४२. फूलको अर्पी
४३. पुकार
४४. कटु स्वर
४५. देवताको डर
४६. अषढको मेघ
४७. दिव्य रस
४८. प्रतिविम्ब
४९. स्वच्छ पत्र-पुष्प
५०. नतमस्तक
५१. हृदय कोष
५२. संचित धन
५३. ए मेरो मृत्यु
५४. टाढा देशको यात्रा
५५. मन्दिर
५६. सीमामा असीम
५७. तिम्रो सुख मेरो अधीन
५८. प्रभुगृहका सिपाही
५९. नौलो पथ-रेखा
६०. आभुषण-हीन
६१. राजसी पोसाक
६२. अन्तिम प्रसाद
६३. नीख गीत
६४. प्राणको झोली
६५. बिदाइको दिन
६६. नाउँको झ्यालखाना
६७. आशक्ति-श्रृंखला
६८. सीपीको मोती

६९. प्रणाम
७०. अविवाहित
७१. प्रेमको हातमा अर्पित हुन म बसिरहेको छु
७२. विभिन्न प्रेम
७३. प्रेम-दूत
७४. विश्राम कहाँ
७५. साँझ
७६. पुनर्जन्म
७७. हरलबाजी
७८. अन्तराल
७९. यात्रा
८०. थकित परेला
८१. स्वतः कैदी
८२. अनुग्रह-गीत
८३. बाल-सम्मेलन
८४. अरुणिमा
८५. समाधान
८६. आँचलको बत्ती
८७. स्वतन्त्र प्रभात
८८. रहस्यमय
८९. जीवन-स्रोत
९०. अन्तिम लक्ष्य

## अन्तर्विकास

हे जीवित संसारको जीवन ! मेरो अन्तर विकसित गरिदेऊ !
निर्मल गरिदेऊ, उज्ज्वल पारिदेऊ, सुन्दर गरिदेऊ,
जागृत पारिदेऊ, निर्भय अनि उद्यत पारिदेऊ,
निरालस अनि शंकारहित पारिदेऊ !
हे जीवित संसारको जीवन ! मेरो अन्तर विकसित गरिदेऊ !

मेरो अन्तःकरण अखिल संसार झैं उन्नत गरिदेऊ,
मलाई बन्धनमुक्त पारिदेऊ !
मेरा सबै कार्यहरुमा तिम्रो उल्लासपूर्ण सङ्गीत भरियोस्
आफ्नो चरण-कमलमा मेरो चित्त स्थिर होओस् !
मलाई आनन्दित पारिदेऊ, आनन्दित पारिदेऊ !
हे जीवित संसारको जीवन ! मेरो अन्तर विकसित गरिदेऊ !

## सधै नयाँ

तिमी सधैँ नयाँ नयाँ रुप लिएर मेरो प्राणमा आऊ, प्रियतम !
गन्धमा आऊ, वर्णमा आऊ, शरीरमा रोमांचित सपर्श बनेर आऊ,
मनमा आखण्ड आनन्दको सुधा बनेर आऊ,
मेरा मुग्ध मन्द नयनहरुमा आऊ, प्रियतम ! मेरो प्राणमा दिनहुँ नयाँ
नयाँ रुपमा आऊ !

हे निर्मल, हे उज्ज्वल, हे मनोहर, आऊ !
हे सुन्दर, हे स्निग्ध, हे प्रशान्त, आऊ !
मेरो सुख-दुःखमा आऊ, सधैँ नैमित्तिक काममा आऊ, सबै कामको
उच्च लक्ष्य बनेर आऊ !

## सागरमा ज्वारभाटा

आनन्द सागरमा आज ज्वारभाटा आएको छ :
सबै मानिस तिम्रो..........समातेर बसेका छन्,
जति हुन्छ उति भारी हालिदेऊ, हाम्रो दुःखपूर्ण नाउ पार गर !

छालमाथि पौड्दै हामी तर्छौं प्राण विलुप्त भए होओस् !
आनन्द सागरमा आज ज्वारभाटा आएको छ !

पछाडिबाट पुकार्ने त्यो को हो ?
त्यो को हो जो अगाडि बढ्दा बाधा दिन्छ ?
यस भयदेखि हामी पहिले नै परिचित छौं ।

कसको सराप, कसैका ग्रह-दोपले हामीलाई सुखको उच्च
शिलामा बसाइदियो ।
लंगूरको डोरी हामीले लियौं र गाउँदै हिंड्दैछौं ।

## सुनको थालमा

आज तिम्रो सुनको थालमा मैले आफ्नो दुःखमय आँसुका मालाले
सजाएको छु ।
माता ! आज तिम्रो कण्ठमा मैले मोतीका हार उनेको छु !
तिम्रो चरणमा चन्द्र-सूर्यका रत्न जडेका छन् : अनि तिम्रो
वक्षमाथि मेरो दुःखमय आँसुका माला सुशोभित छ ।

धन र दौलत तिम्रा संपदा हुन्,
तिनीहरुलाई तिमीले यथेष्ट उपयोग गर ।
मलाई दिने भए देऊ, दिन मन नभए नदेऊ ।

मेरो घरको विशेष कोसेली ता मेरो दुःख नै छ ।
मूल्यवान् उपहारका तिमी असली पारखी छयौ अनि मलाई विश्वस छ,
तिमीले उसलाई चिनेमी छौ ।
-जसमा तिम्रो खुशी छ, त्यसलाई स्वीकार गर ।

## भास्कर रश्मि

जननी ! तिम्रो दया स्निग्ध चरणको निवास प्रातःकालको भास्कर रश्मिमा छ ।
तिम्रो मृत्युञ्जयी वाणी निःशब्द आकाशमा व्याप्त छ ।

सम्पूर्ण पृथ्वीमा व्याप्त तिम्रो वन्दना म गर्दछु !
तिम्रो पूजाको अर्घ्यमा म आज तन-मन-धन सबै समर्पित गर्दछु !
जननी ! तिम्रो दयार्द्र चरण भास्कर रश्मिमा निवास गर्छ !

## रात्रि-प्रतीक्षा

बादलहरुमा बादल छायो, अन्धकार भयो :
यस्तो समयमा पनि मलाई तिम्रो ढोकाको बाहिर, प्रतीक्षामा किन बसायौ, मेरा प्रियतम !
दिन बितेपछि, बेलुकीपख, मदिनहुँ विविध काम अनि विविध मानिसहरुसँग व्यस्त रहन्छु !
आज यो अँध्यारो बेलुकी यहाँ एक्ले केवल तिम्रै दर्शन गर्ने आशामा म बसिरहेछु ।

तिमीले यदि आज पनि तिम्रो दर्शन दिएनौ भने, अनि मेरो आशाको उपेक्षा गरिदियो भने, यो वर्षाको लामो रात कसरी बिताउनु ?

अति टाढाको नीलो आकाशलाई म निर्निमेष देखिरहेछु :
मेरो मन हावामा उड्दै बाखलहरुसित आकाशमा विहार गरिरहेछ,
मलाई एक्लै ढोकाको बाहिर किन बसायौ, मेरा प्रियतम !

## विरह आलोक

प्रकाश : प्रकाश कहाँ छ र ?
विरहको आलोकले प्रदीप प्रदीप्त गर !
जलिसकेको प्रदीप राख, विरहको नयाँ आलोकले त्यसलाई बाल !

'यस्तो नै भाग्मा लेखिएको छ,' यसो भन्नु भन्दा मर्नु असल हो :
विरहको अग्निले आफ्नो प्रदीप बाल !

वेदनारुपी दूती गाइरहेकी छ,
'ऐ प्राण !' तिम्रो निम्ति भगवान् जागरुक भएका छन् :
त्यो रातको अँध्यारोमा साथी-सङ्गीका निम्ति तिमीलाई पुकार गरिरहेछन्,
तिमीलाई दुःखी देखीकन उनीहरु तिम्रो प्रेम गौरवान्वित ठान्दछन् :
तिम्रो तिम्ति भगवान् जागरुक भएका छन् !

अम्बर प्रांगण मेघले परिपूर्ण छन्,
वर्षाको पानी झर-झर-झर झरिरहेछन् :
जलिसकेको प्रदीपलाई विरहको आलोकले बाल :
यो तिमिराछन्न रात्रिमा म एक्लै कसैको प्रतीक्षामा जागृत छु ?
वर्षाको पानी झर-झर-झर झरिरहेछन् :
बिजसलीको ज्योति क्षणभर मात्रको लागि न हो, नाउ निस्पट्ट
अन्धकारले घेरेको छ :
कसले जान्दछ र कि कति टढादेखि रात्रिको गम्भीर सङ्गीतको
स्वर आइरहेछ ?
त्यो सङ्गतिले मेरो सम्पूर्ण आत्मालाई उपट्टि खिचिरहेछ !

प्रकाश कहाँ छ ? प्रकाश कहाँ छ र ?
अब विरहको अग्निले नै प्रदीप बाल, जगाऊ, प्रेमी ! जगाऊ ।

मेघ गर्जिरहेछन्, वायस मन्द मन्द बहिरहेछ :
वेला भइसकयो, अब कहीँ जानु असम्भव होला :
निस्पट्ट निशा आबनूसको कालो ढुंगा झैँ कालो छ,
यस्तो रातमा प्राणलाई प्रेमको प्रदीपले प्रकाशित गर !
आफ्नो प्रदीपलाई विरहको अग्निले नै प्रदीप्त गर !

## सावन-घन

आज सावनको मेघका विशाल छायामा चूपचाप, नीरव रात झैँ,
मूक प्रभातमा सबैको अगाडि मुख लुकाउँदै कदापि नभाग !
आज प्रभातकालको आँखा बन्द भएका छन्, पूर्वका कोलाहलपूर्ण
पवन व्यर्थमा कसैलाई आह्वान गरिरहेछ ।
नित्य जागृत नीलाम्बरको मुख मेघका चादरले ढाकिएको छ ।

जंगल-पहाडमा आज गुञ्जन सुनिदैन ।
सबै घरका ढोका आज बन्दछन् ।
निर्जन मार्गमा तिर्मा एक्लै यहाँ किन कसको प्रतीक्षामा बसिरहेछौव ?

हे एकाकी सखा, प्रियतम ! मेरो ढोका खुला छ :
स्वप्नमा झैँ मेरो अगाडि आएर अदेख नहोऊ ।

## आषाढको संध्या

आषाढको सन्ध्या घनघोर भयो,
दिवसको अवसान भइसक्यो ।
वर्षाकोव जलधारा क्षण-क्षणबाद झरिरहेछन् :
छाप्रोको एक कुनामा बसेर तिमी कसको विचार-सागरमा लीन भएका छौ ?
जल-कणले भिजेका हावा जूही पुष्पको वनमा के सन्देश पुऱ्याउन गएको ?

वर्षाको जलधारा क्षण-क्षणबाद झरिरहेछन् :
आज हृदयमा गरंग उठेको छ, तर मैले जुन किनारको खोजी गर्दछु, सो कहीँ पाइँदैन ।

जल-कणले भिजेका फूलको सुगन्धले प्राणलाई अशान्त पारेको छ ।
अँध्यारो रातका सम्पूर्ण रित्ता प्रहर आज कुन स्वरले परिपूर्ण गर्न सकुँला ?
कुन चाहिँ मुरली हराएकोले म आज सबै कुरा भुलेर व्याकुल भइरहेछु ?
वर्षाको जलधारा क्षण-क्षणबाद झरिरहेछन् :

## अभिसार

हे मेरा प्राण सखा !
आज वर्षाको वेला मिलनको लागि कहाँ बाहिर हिँड्यौ ?
आकाश निराशामा रोइरहेछ :
मेरा आँखामा आज निद्रा छैन,
हे प्रियतम, ढोका खोल, म तिम्रै बाटो हेरिरहेछु ।
बाहिर केही देखिँदैन, तिम्रो बाटो कहाँ छ, यही म सोचिरहेछु ।
कुनै टाढाका नदीको किनारमा, कुनै भयानका वनको शिविरमा

अथवा कुनै अन्धकारमा :
हे मेरा प्राण-सखा ! तिमी कतै गएका छैनौ ?

## ध्वनि-जाल

हे गुणवान ! तिमीले कस्तो मीठो गीत गाउँछौ :
म केवल मन्त्रमुग्ध भएर सुनिरहेछु, केवल सुनिरहेछु !

तिम्रो गायनको प्रकाश पृथ्वीका कण-कणमा व्याप्त छ :
तिम्रो ध्वनिको गंगा पाषाणखण्डलाई थिचेर जोरसित बगिरहेछ ।
मेरो इच्छा छ, म त्यस ध्वनिमा मिल्न सकूँ, तर मेरो घोक्रोको
ध्वनिले तिम्रो ध्वनिलाई समाल्न पाएको छैन !
मेरो चारैतिर ध्वनिको जाल फिँजिएको छ, तिमीले मलाई यो
अनौठो जालमा खुब बाँध्यौ !

## अदेख बिलौना

प्रभो ! यदि अब यो जीवनमा तिमीलाई भेट्न सकिनँ भने :
यो कुरो मेरो मनमा काँढा झैँ घोचिरहन्छ, तिमीलाई भेट्न सकिनँ !
यो कुरो म भुल्न नसकुँला, यसको वेदनाले सुत्दा-उठ्दा, निशिदिन
विरक्त पारिरहन्छ ।
जगतीतलको बजारमा मैले मति दिन बिताइसकेँ, मेरा दुइ हात
धन-दौलतले कतिपल्ट भरपूर भइसके, तर त्यसले मलाई के लाभ
भयो र ! यो कुरो मेरो मनमा काँढाले झैँ घोचिरह्यो, मैले तिलाई
भेट्न सकिनँ ।
आलस्यवश म जब बाटोको छेउमा बसेको थिएँ अनि विश्रामका
लागि बिछ्यौना लगाउन बन्दोबस्त गरेँ, त्यहाँ वेला स्मरण भयो,
यो प्रवास निष्प्रयोजन छ । तिमीलाई भेट्न सक्दिनँ, यो कुरो मनदेखि
भुल्न सकिँदैन ।
तिमीले मलाई नभूल, सुत्दा-जाग्दा मेरो यही चिन्ता रहन्छ ।

मेरो घर कातकै हास्य होस्, कति बाँसुरी बजोस्, जति नै
सजधजले घर चम्कोस, तर ‘तिमी आउँदैनौ’:
यो कुरो सम्झँदा हृदय चकनाचुर हुन्छ । यो वेदना कहिल्यै भुल्न सकिन्न ।
तिमीले मलाई नभूल : यो शंकाले सुत्दा-जाग्दा, दिन-रात मलाई सताइरहन्छ ।

## घाटमा

ए सखी !
दिन बितिसक्यो :
सन्ध्या धरतीमा आइसकी,
अब आफ्नो गाग्री भर्न घाटमा हिँड !
जलधाराका कल-कल स्वरले सन्ध्याकालको आकाशमा विरक्त परिदियो ।
त्यो स्वरले मलाई लगातार भनिरहेछ :
आफ्नो गाग्री भर्न घाटमा हिँड !

यो एकान्त बाटोमा कोही पनि आज छैन,
हावा चंचल भएको छ,
प्रेमको नदीमा गरंग नाचिरहेछन्,
‘म फर्केर आउँछु कि आउँदिनँ, केही पत्तो छैन
कोसँग मेरो भेटघाट होला, कसले जान्दछ र ?
घाटमा भएको सानो डुंगामा बसेर अपरिचित बाँसुरी बजाइरहेछ :
अब आफ्नो गाग्री भर्न घाटमा हिँड !

## मेघोन्माद

आज जलपूर्ण मेघहरबाट पानी झर-झर गर्दै तल भरिरहेछ ।
आकाशलाई अस्वीकृत गरेर जलधारा धरतीमा आएको छ,
आज यसको कहीँ पनि अन्त देखिँदैन ।

बन, पर्वतमाथि उग्र आवाज गर्दै, बादलले योग दिइरहेछ ।
मैदानहरुमा पानीको खोला स्वतन्त्र रुपले बगिरहेछन् ।
आज मेघको केशराशि छरपुष्ट भएर कति सुन्दर नृत्य गरिरहेछ !

यो वर्षाले मेरो मन फेरी स्वतन्त्र भयो, अनि बादलसँग आकर्षित हुन लागेँ :

अन्तः करणमा आज कस्तो कोलाहल हुन लाग्यो !
ढोका-ढोकाका अवरोध चकनाचूर भइसके !

आज साउनका बादलहरुमा उन्माद भरिएको छ :
आज घरदेदि बाहिर को जान्छ र ?

## प्यारो व्यथा

ईश्वर ! तिम्रो प्रतीक्षाका निम्ति जागा बस्दा आँखा थाकिसक्यो
तिमीसँग भेट भएन तापनि म तिम्रो बाटो हेरिरहेछु, यो बाटो हेर्न मलाई मन पर्छ ।

ढोका बाहिर, धूलोमा बसेर, मेरो भिखारी हृदय तिम्रो करुणाको याचना गरिरहेछ ।

तिम्रो करुणा पाएको छैन, मेरो आकाँक्षा तृप्त भएको छैन, यहि अतृप्त आकाँक्षा पनि मलाई मन पर्छ ।

यो संसारको राजपथमा कतिका सुख-दुःख लीन यात्री मेरो सामुन्नेबाट गइरहेका छन् ।
कोही मेरो साथी बन्दन, तेपनि मेरो यो आकाँक्षा बनेको छ,
यही आकाँक्षा मलाई मनपर्छ ।

चारैतिर अमृत जलले परिपूर्ण व्याकुल पृथ्वी यही प्रेम क्रन्दन गरीरहेको छु ।
तिमीसँग भेट हुन सकेन, केवल व्यथा नै मेरो भागमा परेको छ,
यही व्यथा नै मलाई मन पर्छ ।

## प्रेम-संकेत

प्रियतम ! म जान्दछु, यो तिम्रो प्रेम हो जो पात-पातमा स्वर्णाभा बनेर चम्किरहेछ !
जसले लोसे मेघ आकाशमा जम्मा भइरहेछन्, सुवासित पवनले मेरो मस्तिष्कमा जलकण छर्छ :
यमि सबै, हे मनमोहन ईश्वर ! तिम्रो प्रेम नै हो ।

आज प्रभातका आकाश-धाराले मेरा नयन भरिए :
यो तिम्रो प्रेम-संकेत हो जो जीवनका कण-कणमा व्याप्त छ ।
तिम्रो चेहरा निहुरियो,
तिम्रो नेत्र मेरा नेत्रसँग मिले :
मेरो हृदयले तिम्रो चरणमा स्पर्श गरिसक्यो !
प्रियतम ! म जान्दछु, यो तिम्रो प्रेम-संकेत हो ।

## विश्व-सभा

म यहाँ केवल तिम्रो संगीत गाउन मात्र आएको हुँ,
आफ्ना विश्व-सभामा मलाई गाउन मात्र अनुमति देऊ !
ईश्वर ! तिम्रो विश्वका अन्य कुनै कामको योग्य म छैन ,
मेरा निरुपयोगी प्राण केवल तिम्रो संगीतको ध्वनिमा व्यक्त हुन्छन् ।

मध्यरात्रिको सुनसान समय छ,
देवालयमा तिम्रो आरती भइरहेछ,
यस्तो वेलामा स्वमी ! मलाई गाउन आदेश देऊ !

प्रभातको वेलामा उषाका सुनौला वीणाको तार बज्छ,
त्यस वेला तिम्रा दरबारमा संगीत गाउन सकूँ, यति मात्र भिक्षा तिमीसँग चाहन्छु ।
ईश्वर ! आफ्ना विश्व-सभामा मलाई संगीत गाउन सम्मान गर ।

## निमन्त्रणा

मेरा भय नष्ट गरिदेऊ भगवान् ! नष्ट गरिदेऊ !
मलाई देखेर मुख नलुकाऊ !

तिमी छेउमै थियौ, तर मैले चिन्न सकिनँ
म अरुतिर हेरिरहेको थिएँ, जान्दिन कहाँ ?

तिमी मेरो अन्तःकरणमा विहार गर !
मेरो हृदयमा हाँसोको प्रकाश गर !

बोलन, मसँग केही कुरा गर, मेरो देहमा स्पर्श गर
आफ्ना हात बढाएर मलाई उठाऊ !

ईश्वर ! मेरा सबै ज्ञान भ्रामक हुन्,
मेरा हास्य-रुदन सबै भ्रामक हुन्,

मेरो अगाडि आऊ, मेरो भ्रम टाढा गर, मेरा भय नष्ट गरिदेऊ !

## ध्वनि

मलाई भेट्नका लागि, कहिलेदेखि (अनादि कालदेखि) तिमी हिड्यौ होला कसले जान्द छ र !
तिम्रो सूर्य-चन्द्रले तिमीलाई मेरो आँखामा ल्याउन सकेन् !
अगणित अनि सन्ध्याको वेला मैले तिम्रो गोडाको आवाज सुनें ।

तिम्रो दूतले मेरो हृदयमा चूपचाप निमन्त्रणा दिन्छ ।
हे यात्री ! किन हो कुन्नि आज मेरो देहमा अपार हर्ष भरिएको छ ।
एक अवर्णनीय आनन्दको रेखा मेरो हृदयमा निहित छ ।
आज के बिदाको समय आइपुग्यो :
आज के मेरा सबै कर्तव्य पूरा भए ।
ईश्वर! तिम्रो स्पर्शले वायुमा जो मृदु-मधु सुवास भरिएको छ,
त्यसले मलाई भनिरहेछ तिमी मेरो अति छेउमा आइपुगेका छौ ।

## प्रबल प्रवाह

आनन्दको यो प्रवाहका प्रबल गतिसँगसँगै तिमीले आफ्ना छन्दहरुका स्वरलाई जोड्न सक्दैनौ ।
मृत्युको वीणामा, दिशाहरुमा, सूर्य-चन्द्रमा जुन स्वर गति छ,
त्यससँग तिमीले आफ्नो स्वर मिलाउन सक्दैनौ ।

सबैमा अनन्त वेग छ, कुनैमा विश्रामको इच्छा छैन,
कसैले पछाडि फर्केर हेर्दैन, कुनै शक्तिले उनीहरुलाई रोक्न सक्दैन :
तिमी उसको सहयात्री भएर कसरी हिँड्न सक्छौ ?
उसको शुभागमनका साथ पृथ्वीको रंग, गीत, गन्धको प्रवाह उर्लेर आउँछ । त्यस आनन्दमा आफूलाई चैन लिन, अर्पित गर्न के तिमी उसको सहयात्री हुन सक्छौ ?

## पूर्ण आशा

यहाँ म जुन गीत गाउन आएको छु, त्यसलाई गाउन सकिनँ ।
आज केवल वीणाको तारका स्वर मिलाइरहेछु,
गाउने लहड मनमा नै रह्यो ।
मेरो स्वरमा समता आएको छैन, मेरा शब्द लरबर हुन्छन् ।

केवल प्राणमा गीत गाउने व्याकुलता रहेको छ ।
आज यमि फूलहरु फक्रेका छैनन्, केवल हावासँग नाचिरहेछन् !
मैले उसको दर्शन गरेको छैन, उसको बोली सुनेको छैन,
केवल उसको पदध्वनि मात्र क्षण-क्षणमा सुनिरहेछु :
यही मानिस मेरो ढोकाको अगाडी आउँछ अनि जान्छ,
मेरो सारा दिन उसको सत्कारका लागि आसन तयार पार्दा नै बितिसक्यो,

घरमा पाला पनि बलिसक्यो,
अब उसलाई कसरी पुकारुँ ?
उसँग मेरो भेटघाट भएको छैन,
तैपनि उ आउँछ, भेट हुन्छ, यो पूर्ण आशा मेरो प्राणमा रहेको छ ।
मैले उसको स्वर सुनिनँ, क्षण-क्षणमा उसको पदध्वनि सुन्दछु ।

## राखीको डोरी

मेरो अंग-अंगमा रोमांच भइरहेछ, आँखामा उन्माद छाया,
मेरो हृदयमा कसले रातो राखीको डोरी बाँधिदियो ?
आज आकाशको मनि जल-थल, फूल-फलमा तिमीले मेरो मनलाई आकर्षित पाऱ्यौ ?
आज तिमीसँग मेरो राखीको खेल यति राम्रो कसरी भयो !

अझ पनि, मलाई जसले बोलाएको छ उसँग भेट हुनेछ,
अथवा उसको खोजी गर्दा यातना सहनुपर्ला,
यस विषयमा केही थाह छैन !
आज मेरो आनन्द किन हो कुन्नि आँखाको पानीको रुपमा झर्नको लागि व्याकुल भइरहेछ ।
आज विरहले मधुर रुप धारण गरेर मलाई विह्वल पारिरहेछ !

## रक्षा-बन्धन

ईश्वर ! आज म तिम्रो बायाँ हातमा राखी बाँध्न आएको छु,
त्यो नलुकाऊ !
तिम्रो हातमा राखी बाँधेर म सबैलाई बाँधिदिन्छु, कोही पनि यो बन्धनदेखि छुटकारा पाउनेछैन ।
आज आफ्नो अर्काको भन्ने भेदभाव छँदैछैन :
आज म आफ्नो भित्र-बाहिर सबैलाई एकै देखिरहेछु !

तिम्रो विरह-दु:खमा रुँदा-रुँदा म यति वेलासम्म घुमिरहेँ, तर, त्यो विरह क्षणभरमा लोप भयो ।
अब तिम्रोमा दगुरेर आउँछु :
तिम्रो हातमा राखी बाँध्न आउँछु, त्यो हात नलुकाऊ !

## आनन्द-यज्ञ

संसारको आनन्द-उत्सवमा भाग लिनाको लागि मलाई निमन्त्रणा आएको छ। यसले गर्दा मेरो मानवी जीवन कृतज्ञ भएको छ। मेरो नयनले अब रुप-सुधा पान गर्दछन्, अनि मेरो कानले दिव्य स्वर सुन्दछन्।

यो समारोहमा मलाई बाँसुरी बजाउने काम तिमीले दिएको हो,
अब मेरो जीवनमा सबै हाँसो-रुदन गीतको स्वरमा झन्किरहेछन्।

अब, अन्तिम त्यो वेला आइपुग्यो:
तिम्रो उत्सवमा गएर तिम्रो जयध्वनि सुनूँ अनि तिम्रो चरणमा
मौन वन्दना चढाउँ !
संसारको आनन्द-उत्सवमा भाग लिनाको लागि मलाई तिम्रो निमन्त्रणा आएको छ।

## निःस्वर वीणा

रुप-रत्नाले परिपूर्ण यो सागरमा, म अदेख, अनमोल मोती पाउने आशाले डुब्दछु !
होस्, अब म मेरो जीर्ण नाउ घाट-घाटमा लान्न।

लहरहरुसित हाँस-खेल गर्ने समय शेष भयो।
अब अमरताको अथाह सागरमा लीन हुनुपरेको छ।

आफ्नो प्राणको वीणा अब म त्यस अथाह अन्धकारमय सभामा
लैजान्छु जहाँ आवाजविनाका ताराहरुको गीत अनादिकालदेखि गाइन्छन्।
त्यहाँ त्यसलाई अनन्तको स्वरमा मिलाउँछु अनि जब मेरो वीणा
आफ्नो आखिरी गीत गाइसकेर निःस्वर हुन्छ, निःशब्द हुन्छ त्यस
वेला त्यसलाई आफ्ना नीरव ईश्वरको चरणमा राखिदिन्छु।

## दीप्ति-पुष्प

आकाशमा दीप्ति कमल फक्रेकी छ,
उसको पाखुरा निस्किएर सारा दिशातिर फैलिएका छन् ।
अन्धकारका काला भ्रमरहरु पानी लिन गएका छन् ।

पुष्पको मध्य भागमा स्वर्णको कोष छ,
म त्यहाँ आनन्दसित बसिरहेछु अनि दीप्तिकमलको पराग छरपुष्ट गरिरहेछु ।

आकाशमा तरंग उठेको छ, पवनमा रोमांच छ, चारैतिरबाट गीतका लहर बगिरहेछन्,
चारैतिरबाट प्राणका नृत्य भइरहेछ अनि आकाश परिपूर्ण भएको छ,
यही प्राण-सागरमा गोता लगाउनलाई आफ्नो वक्षमा प्राण भरिरहेछु ।
आफ्नो आँचल फिँजाएर पृथ्वीले दश दिशाबाट प्राण संग्रह गरेर
आफ्नो हृदयमा भरिरहेछ ।
जहाँ-जहाँ प्राणधारी जीव बस्छन्, ती सबैलाई उसले बोलाएको छ !
सबैको हातमा अनि सबैको थालमा उसले अन्न भरिदिएको छ ।
मेरो मन पनि गीतले अनि सुगन्धले भरिएको छ अनि म खूब
आनन्दसाथ स्वर्णकोषमा बसिरहेछु ।
पृथ्वीले मलाई घरमा आफ्नो आँचल फिँजाएर बोलाएको छ अनि
हृदयमा राखेको छ ।

दीप्ति ! म तिमीलाई नमस्कार गर्दछु, मेरो विषाद नाश गर, मेरा
सम्पूर्ण देहमा आफ्नो आशीर्वादको हात राख ।
भू-जननी ! म तिमीलाई नमस्कार गर्दछु, मेरा सम्पूर्ण मनोरथ
पूर्ण गरिदेऊ !

## वसन्त

आज वसन्तका ढोका खुलेका छन् !
तिम्रो उदास, शेष जीवनको कसैले उपहास नगरुन् :
यसकारण तिम्रो हृदयका नफक्रेका फूलहरु फुलून्,
एक अर्काको भेदभाव हराउन्, यो संगीत स्वरमा गुँजिरहेको
आकाशमा आफ्नो सुवासको लहर उठ्न देऊ !
आज अरण्यका पात-पतकरबाट उग्र वेदना व्यक्त भइरहेछ ।
व्याकुल धरती क्षितिजमा कसैको बाटोमा सजल पटल फिँजाएर
बसिरहेकी छ
दक्षिणको वायु पनि द्वार-द्वर गएर कसैलाई खोजिरहेछ ।
प्रेमातुर रजनी पनि वसुन्धरामा कसको चरणको ध्वनि सुन्न
जागिरहेकी छ ?
हे कान्त ! तिमीलाई बोलाउन कसले गंभीर आह्वान गऱ्यो ?

## राजगद्दी

तिमी त्यहाँ आफ्नो अग्लो राजगद्दीमा बसिरहेथ्यौ :
म यहाँ बसेर आफ्नो गति गाइरहेको थिएँ :
तिम्रा कानसम्म ती गीत अस्पष्ट ध्वनि झैँ पुगु अनि तिमी तल
झरेर मेरो घरको ढोकाको भऱ्याङमा आएर उभिरह्यौ !
तिम्रो दरबारमा अगणित गुणी गाइने छन्,
तर म जस्तो गुणहीनको गीतले नै तिम्रो प्रेमलाई जगायो । विश्वका
गीतहरुमा मेरो एउटा करुण स्वरले तिमीलाई स्पर्श गरेको छ !
तिमी वरमाला लिएर तल आयौ, अनि मेरो एकलास घरमा ढोकाको
भऱ्याङमा आएर उभिरह्यौ ।

## एक पटक

हे भगवान् ! मेरो यो विन्ति स्वीकार गर, एकपल्ट स्वीकार गर !
मेरो हृदयमा बस, अब फर्केर कहिल्यै नजाऊ !
जति दिन तिम्रो वियोगमा बित्यो, त्यो धूलिमा मिल्यो ! अब तिम्रो ज्यातिमा नै जीवन-कलिका विकास गर्नाको लागि म दिनोदिन जागिरहेछु !
कुन उन्मादमा, कसको खोजमा, मउता-यता बाटामा बरालिरहें ?
कसले जान्दछ र ?
अब मेरो हृदयमा कान लगाऊ अनि आफ्ना आवाज सुन !
मसँग जति पाप-घन अथवा छल-कपट तिमीले देखिरहेछौ,
तिनीहरुलाई आगोमा बालिदेऊ !

## जीवन-पोखरी

जब जीवनको पोखरी सूखा हुन्छ, हृदय कमलका पखेटाहरु
खुम्चिन्छन्, त्यस वेल तिमी करुणाका बादलहरुसँग उड्दै-घुम्दै
आउनू !
जब जीवनको सम्पूर्ण मिठास भएको कटुताको सुक्खा मरुस्थलमा
बदलियोस्, त्यस वेला तिमी गीतहरुको सरस गंगा बनेर आकाशबाट
झर्नु !
जब सांसारिक कामको कोलाहल दश दिशाहरुबाट उठेर गर्जिरहेको
होला अनि मलाई आफ्नो सीमामा ने बन्दी बनाउला, त्यसैले हे
प्रशान्त
नाथ ! मेरोमा शान्ति र विश्राम-दूत बनेर आउनू !

जब मेरो दीन-हीन हृदय आफैं समातेर कुनामा बसिरहेको हुँला,
त्यस वेला हे उदार नाथ ! मेरो ढोका खोलेर राजसी-उत्सवसँग,
मेरो घरमा प्रवेश गर्नु !

जब प्रलोभनहरु आफ्ना उग्र धूलि तथा चम्किला वंचनाहरुले
विवेकलाई अन्धो पारिदिन्छन्, त्यसवेला तिमी हे नाथ ! आफ्नो
तेज र आजस्वी ज्याति लिएर आउनू !
भाग्यहीन
उ मेरो छेउमा आएर बस्या, तथापि म बिउँझिनँ
भाग्यहीन ! तिमीलाई यस्तो निद्रा कसरी आयो ?
उ आउँदा प्रशान्त रातको वेला थियो, उसको हातमा वीणा थियो,
मेरो स्वप्न उसको झङ्कारको स्वरमा रुमयिल्लएको थियो !
जागा भएपछि मैले देखेँ, दक्षिण दिशाका हावा चारैतिर अन्धकारमा
आफ्ना गन्ध प्रसारित गर्दै चलिरहेका थिए ।
मेरो सम्पूर्ण रात यसरी नै बित्यो ?
किन हो, उसको सासको स्पर्श त भयो तर दर्शनचाहिँ भएन ?
भाग्यहीन ! उसको कण्ठ-मालाले छाति स्पर्श गर्‍यो तर अङ्कमाल हुन
सकेन !

## उ आइरहेको छ

उआइरहेको छ, आइरहेको छ, आइरहेको छ !
उसको पदध्वनि तिमीले सुनेका छैनौ ?
युग, पल-पल, दिनोदिन रातरात :
उ आइरहेको छ, आइरहेको छ, आइरहेको छ !
हृदयको तरंगमा उसको कति गीत गाइसकेँ,
ती सब गीतको स्वरमा यही आवाज निस्कन्छ :
उ आइरहेको छ : आइरहेको छ : आइरहेको छ !
बसन्तको रमाइलो दिन, उ वनको बाटो भएर आउँछ,
साउनको अँध्यारो रातमा मेघको गर्जिरहेका रथमाथि चढेर
उ आउँदछ ।
जब दुःखमाथि दुःख आउँछ, सो दुःख होइन उसको चरण,
मनलाई छुन्छ ,

नब सुखको भान हुन्छ, त्यसैका चरणको स्पर्शले मन आनन्दित पार्छ,
त्यही चरण-ध्वनि नै मनको स्पन्दन हो !
उ आइरहेको छ, आइरहेको छ, आइरहेको छ !

## नयाँ तार

सितारका पुराना तारहरु सबै एउटा-एउटा गर्दै खोल, त्यसमा नयाँ तार जोड ।
दिउँसोको मेला अब शेष भयो, रातको आसन शुरु भयो,
पुरानो स्वरलाई राख्ने कोशिश नगर, त्यसको दिन अब बितिसक्यो !
अब सितारमा नयाँ तार लगाउ !
आकाशको विशाल तिमिर पस्न दिन आफ्ना ढोका खोलिराख !
सात लोकका निस्तब्धता उसँग आफ्नो घरमा आउन देऊ !
आजसम्म तिमीले जुन गीत गाएका थियौ आज त्यसको अवशेष भयो,
यमि वाद्य तिम्रा वाद्य हुन्, यो कुरो भुलिदेऊ ।
आफ्नो सितारमा नयाँ तार लगाऊ !

## मुगलानको तिथि

सोच्दछु, यो कुरो कहिले भयो ?
तिम्रो गीत गाउँदा-गाउँदा म कहिले बाहिर आएँ ?: कहिले आएँ
यो कुरो आजको होइन, आजको होइन !
आज मैले तिमीलाई पाउन आएको थिएँ,
कहिले आएको थिएँ : यो पनि भुलेँ ।
यो कुरो आजको होइन, आजको होइन !

जसरी कोही कोही ढीलो बाहिर आयो,
अनि कोसित भेट्नुछ, यही भूल भुल्यो,
यसरी नै मेरो जीवन-प्रवाह बाहिर निस्केको थियो,

तर, यो कुरो आजको होइन, आजको होइन !
मैले तिमीलाई कति नाउँले आह्वान गरेँ मतिपय चित्रहरुमा तिम्रो ध्वनि भरेँ, तिम्रो ठेगान पाइनँ ।
तर, यो कुरो आजको होइन, आजको होइन !

## विराट् रुप

जबसम्म तिमी र म क्रीडा गरिरह्यौँ, मैले तिम्रो नाउँ-गाउँ सोधिनँ,
तिमीसँग मलाई लाज थिएन, भय पनि थिएन,
तिम्रो-मेरो जीवन हर्ष-उल्लासको तरंगमा बगिरहेको थियो !

सूर्योदयको वेलामा तिमीले मलाई कतिचोटि आह्वान गरेर बिउँझायौ,
तथा आफूसँग खेल्न लग्यौ । हाँस्दै-खेल्दै हामी जंगल-पहाडमा घुम्यौँ ।
त्यस वेला मैले कहिले पनि तिम्रो गीतको अर्थ बुझ्ने चिन्ता गरिनँ !
केवल तिम्रो स्वरमा स्वर मिलाएर म पनि सुसेल्थेँ ।
मेरो हृदय विलक्षण हर्षले हर्षित भएर नाच्न थाल्यो ।
अब, त्यो खेल सकिएपछि अनायास यो के देखिरहेछु :
आकाश स्तब्ध छ,सूर्य-चन्द्र निःसब्द छन्, सारा संसार, तारागणले
पूर्णद्युलोक तिम्रो चरणमा निहुरिएको छ !

## सूनसान स्वर

ईश्वर ! तिम्रो अनन्त मौन पनि म स्वीकार गर्छु
तिम्रो नीरवतालाई नै म हृदयमा राख्छु !
तिम्रो प्रतीक्षामा निहुरिरहेको यो नीरव रात ताराहरुका बत्ती
बालेर अनिमेष आँखाले तिम्रो बाटो हेरिरहेछ ।
म पनि त्यही स्तब्ध प्रतिक्षा आफ्नो हृदयमा राख्छु !
जब बिहान हुन्छ, अन्धकार टाढा हुन्छ :
तिम्रो वीणाको सुनौला तारहरुबाट प्रस्फुटित स्वर धारा आकाशमा
पुगेर पृथ्वीमा छाउँछ :
त्यस वेला मेरो मन-पक्षीको घर पनि तिम्रो गीतले, तिम्रो स्वरले
मुखरित हुन्छ ।
तिम्रो स्वर-कलिका उपवनमा भएका झार-पातमा फूल झैँ
भएर हाँस्छ, होइन र ?

## गीत-सुधा

तिमीले मलाई गीत गाउन जब भन्यौ, गर्वले मेरो छाती फुट्न
खोज्यो !
मेरा आँखामा आँसु आए अनि म एकोहोरो तिम्रो चेहरामा हेरेको
हेरेकै भएँ ।
मेरो जविनमा भएका सबै कटु, विषम अनि अस्तव्यस्त छन्, ती
सबै पग्लेर तिम्रो गीत-सुधारमा बदलिँदै गए ।
मेरा सबै साधन, आराधना, पक्षी झैँ पखेटा खोलेर आनन्द साथ
उड्ने इच्छा गर्न थाले ।
मेरा गीतका रागिनी तिमीलाई श्रुति-मनोहर लाग्छन्, कर्ण-प्रिय
लाग्छन् ।
म जान्दछु, ती गीतका सहायताले गर्दा नै म तिम्रो सामुन्ने आउने
साहस गर्न सकुँला !

तैपनि तिम्रो अति नगीच जाँदा संकोच हुन्छ,
केवल आफ्ना गीतका पखेटाहरुद्वारा नै तिम्रो चरण स्पर्श गर्न सकुँला !
ईश्वर ! गाउने मनले म आफैँलाई समेत भुल्दछु, अनि तिमीलाई ‘साथी’ भनी पुकार्छु !

## अपहरण

त्यस दिन उनी मेरो घरमा आए अनि भने, ‘हामी एक कुनामा बसिरह्यौ ।’
उनले यस्तो भने, ‘देवतालाई अर्पण गर्दा म तिम्रो सहायता गर्छु,
अनि पूजाको जो प्रसाद पाइन्छ त्यही ग्रहण गरेर सन्तुष्ट होऔंला ।’

यसरी नै ती दरिद्री, क्षीण, मलिन, वस्त्रधारी मेरो घरको कुनामा बसे,
तर, रात बितिसकेपछि तिनीहरु प्रबल भए, मेरो देवालयमा जबरजसती पसे अनि तिमीहरुले मलिन हातको देवताको पूजाका नैवेद्य खोसे ?

## प्राणमा भय

आज जुनेली रातमा फेरि मेरो मन चंचल भइरहेछ :
सोच्दछु तिम्रो छेउमा मैले बस्ने ठाउँ पाउँला के ?
के तिम्रो सुन्दर चेहरा देख्न सकुँला अनि के मेरो जिज्ञासु नेत्रले तिम्रो नेत्रलाई निर्निमेष देख्न सकुँला ?
सोच्दछु, मेरो गीतपूर्ण आँसु, के चिर-समयसम्म तिम्रो चरण स्पर्श गर्ने अनुमति पाउन सक्ला ?
यस भयले मि कहिलेकाहीँ तिमीले दिएको दान फिर्ता नमागोस् भनीकन, म जमीनमा खाडल खनेर आफ्नो चेहरा लुकाउनेछु ।

तिमीले मेरो हातमा हात राखेका छौ, मलाई भय लाग्छ,
यहि तिमीले मलाई छेउमा बोलाएर उभिनू भन्यौ भने मेरो प्राणमा भयङ्कर दारिद्रयले ढाक्नेछ ।

## जल-विहार

हामी दुवैले परस्पर गुप्त प्रतिज्ञा गरेका थियौं, एउटा डुङ्गामा
केवल तिमी र म बसेर स्वच्छन्द जल-विहार गर्नेछौ,
हाम्रो तीर्थयात्रा कुन देश अनि कुन लक्ष्यको निम्ति होला, यसको विभिन्नता संसारभरका कसैलाई ज्ञात हुँदैन ।
त्यस किनारविहीन सागरमा बग्दै म तिम्रो श्रवणोत्सुक कानमा गीत सुनाउँछु । त्यो गीत सागरका उन्माद तरंगहरु झैं छरपुष्ट हुन्छ अनि शब्दको बन्धनदेखि मुक्त भएर केवल स्वर-लहरी बन्नेछ !
के अझै त्यो समय आइपुगेको छैन ? अब पनि कर्तव्य कर्म के समाप्तभएका छन् ?
हेर ! सन्ध्या समुद्रको किनारमा झरिसकेको छ अनि धमिलो
उज्यालोमा समुद्र-विहारी पक्षी पखेटा फर्फर् गर्दै आफ्ना
गुँडमा फर्किरहेका छन् ।
कसले जान्दछ र यो निर्मम जंजीरबाट मुक्त हुन्छ अनि अस्ताउन लागेको सूर्यको अन्तिम रश्मिझैं हाम्रो डुङ्गाले राती स्वतन्त्र जलविहार गर्न प्रस्थान गर्ला ?

## संसार-यात्रा

आफ्नो एकाकी घरको पर्खाल नाघेर, प्राणको रथमा बसेर, कहिले विशाल संसारको यात्रा गर्नको लागि म बाहिर जान सकुँला ।
ज्यादा मोहवश सबैको काम गरिदिंदै म सांसारिक मायाजालमा परिसकेको छु,
आशा-आकांक्षाले पूर्ण सुख-दुःखमय सागरमा पौडिंदै म सागरका तरंगहरु आफ्नो छातिले खपिरहेछु,
तर पुनः भयंकर तूफानको आघातले जर्जर भईकन म तिम्रो काखमा विश्राम लिन दौडिरहेछु !
त्यस वेला संसारका अपार कोलाहलमा केवल तिम्रो स्वर मात्रै कानमा प्रतिध्वनित हुन्छ ।
सोच्दछु : प्राणको रथमा बसेर, कहिले संसार-यात्रा गर्नको लागि आफ्नो एकान्त घरको पर्खाल नाघेर म बाहिर जान सकुँला ?

## जल-धारा

प्रभु तिमी अब मेरो घरमा आएका छौ, कृपा गरेर नफर्किदेऊ !
असंख्य वन-जंगलमा साउनको मेघ बर्सिरहेछन्, अनि रातको पलक बादलको भारले निहुरिएर बन्द भएको छ, कृपा गरेर नफर्किदेऊ ।
बिजुलीको गडाङ्गगुडुङ्गले निद्रा लोप भयो । अब वर्षाको जलधाराका स्वरमा स्वर मिलाएर गीत गाउने रहर भइरहेछ ।
मेरा आँसुका कण आकाशको अन्धकारमा घुम्दै-घुम्दै अति उत्सुकतासँग
केही अनुसन्धान गरिरहेछन् !
हे प्रभु ममाथि कृपा गर !
नफर्किदेऊ, नफर्किदेऊ !

## फूलको अर्जी

चाँडै गर इश्वर ! यसलाई टिप, ढीलो नगर
यति गर्दा कतै म धूलोमा नलडुँ, यही भय छ !

यो फूलले तिम्रो मालामा स्थान पाओस् अथवा नपाओस्,
कसले जान्दछ ? तैपनि, आफ्नै आघात-स्पर्शले नै यसलाई
भाग्यवान बनाओस् !

टिप-टिप अब ढिलो नगर !
दिन बितिसक्छ, अँध्यारो जम्दछ,
तिम्रो पूजाको समय नबितोस्, यही भय छ !

जो धेर-थोर रंग यो फूलमा छ, अनि जुन थोरै सुवास-अमृतले यसको
हृदय परिपूर्ण छ, जबसम्म तिम्रो सेवाको मुहुर्त शेष हुँदैन त्यतिञ्जेल
यसलाई उपभोग गर !

टिप, टिप, अब ढिलो नगर !

## पुकार

म तिमीलाई नै चाहन्छु, तिमीलाई चाहन्छु, यही शब्द सधैं मेरो
अन्त:करणले आह्वान गर्दै भनिरहेछ !
जो यमि वासनाहरुले मेरो मनलाई दिनरात बेचैन पारिदिन्छन्,
यमि सर्वथा झूटा छन्, नि:सार छन् अनि निष्प्रयोजन छन् ।
मलाई ता तिम्रो चाह छ, ईश्वर ! तिम्रो चाह छ !

जसरी अँध्यारो रातको मर्ममा प्रकाशको प्रार्थना रहन्छ,
त्यसरी नै मेरो अतृप्त वासनामा पनि तिम्रो चाह रहन्छ ।

आफ्नो अन्तःकरणको चेतनामा पनि मैले निरन्तर यही सुनिरहेको छु, 'मलाई तिम्रो चाह छः तिम्रो चाह छ। '

जसरी बादलले पूरा शक्तिका साथ शान्तिलाई आघात गर्दै आफ्नो लक्ष्यको प्राप्ति शान्तिमा नै सम्झन्छन्,
त्यसरी नै मेरो विद्रोह तिम्रो प्रेमलाई आघात गर्छ अनि भनिरहेछ :
'म तिमीलाई नै चाहन्छु। '

## कटु स्वर

मेरा जीवन-वीणाका तारले अझ आघात सहनसक्छन् !
बजाऊ, त्यसलाई अझ जोरसँग झंकृत पार !
जो स्वर तिमीले मेरो जीवनमा बजाउन शुरु गर्‍यौ,
त्यसको आखिरी तान्न अझ रहेको छ !
यसकारण.....................................................!

केवल करुण कोमल रागहरुमा मेरो अनुराग छैन !
मृदुल स्वरको तमाशामा मेरो जीवन व्यर्थमा बिग्रिरहेछ !

आफ्नो अग्निलाई अब प्रचण्ड शिखामा प्रज्वलित पार !
आफ्नो समीरलाई प्रतेज आँधीमा बग्न देऊ !
सारा आकाशम विक्षुब्ध हुनदेऊ !

मेरा जीवन-वीणाका तारले आखिरी राग कठोरभन्दा कठोर
स्वरमा बज्नदेऊ !
यमि तारहरुले अझै आघात सहनसक्छन् !

## देवताको डर

तिमीलाई देवता भन्ठानेर म टाढै उभिरहेको छु :
आफ्नो झैँ सम्झेर नगीच आउँदिनँ ।

तिमीलाई बुवा जानेर तिम्रो चरणमा निहुरिन्छु :
साथीलाई झैँ तिम्रो हात समात्दिनँ ।
प्रेमवश भईकन आफैँ मेरो बनेर जुन बाटोमा तिमी मनि झर्छौ, त्यस
बाटोमा तिमीसँग हितको साथी सम्झेर हिंड्ने साहस ममा छैन !
नाथ !तिमी मेरा सहोदर साथी-संगी झैँ बन्धु हौ, तैपनि तिम्रो
नगीच जान सकिनँ !
म मेरा सारा धन ती साथी-संगीहरुलाई बाँडिदिन्छु अनि तिम्रो
सहभागी बन्नको निम्ति तिम्रो सामु उभिन्छु ।
म सुख-दुःखका सबै वेलामा पनि कसैसँग बस्तिन, तिमीसँग न
उभिरहन्छु ।
आफ्नो बाटोको आखिरी नपाएर, जब म थकित हुन्छु,
त्यस अवधिमा पनि जीवन त्याग गर्ने मनसुबाले प्राणसागरमा
हामफाल्दिनँ ।
तिमीलई देवता भन्ठानेर म टाढै उभिरहन्छु, तिम्रो
नगीच आउँदिनँ ।

## अषाढको मेघ

फेरि आकाशमा अषढका बादल आए :
हावामा वर्षाको अलि-अलि गन्ध रसाए :
मेरो पुरातन मन आज नयाँ बादलहरुका कर-स्पर्शले जागरुक भएर
झंकार गरिरहेछ !
फेरि आकाशमा अषाढका बादल आए :

ठूला-ठूला खेतका हरिया बिरुवाहरुलाई बादलका धुवाँसे छायाले छोइरहेछ !
‘आइपुगे’‘आइपुगे’ यही आवाज मनमा गुञ्जिरहेछ :
‘आइपुगे’ ‘आइपुगे’ ‘आँखामा आइपुगे’, ‘हृदयलाई ढाकिसके’ !
यही आवाज चारैतिर गुञ्जिरहेछ :
फेरि आकाशमा आषाढका बादल आए ।

## दिव्य रस

हे मेरा नाथ !
मेरो जीवन-पात्र सुधाले परिपूर्ण छ,
तिमी कुनले दिव्य रस पान गर्न चाहन्छौ ?
हे मेरा कवि ! के तिमी स्व-निर्मित संसार-प्रतिमा मेरा नयनमा हेर्न चाहन्छौ ?
मेरा कर्ण-कुहरका नगीचमा मूक बसेर, आफैले कथेको गीतका दिव्य स्वर सुन्न नै मन पर्छ, हो ?
तिम्रो सृष्टिले मेरो हृदयमा सुन्दर शब्दका जाल बुनिरहेछ,
तिम्रो आनन्दमय प्रेम ती शब्दमा गीत भरिरहेछ, यही साधनले मेरा गीत प्रस्फुटित हुन्छन् !
प्रेमवश तिमीले आफ्नो सर्वसव मेरो हृदयलाई अर्चना गरिदिन्छौ,
अनि आफ्ना सारा माधुर्यलाई मेरो अन्तरमा हेर्न चाहन्छौ ?
हे मेरा नाथ ! तिमी कुन दिव्य रस पान गर्न चाहन्छौ !

## प्रतिबिम्ब

प्रियतम !
तिमीलाई भेट्ने भनीकन म एक्लै बाहिर आएको थिएँ ।
उ को होला, जो सुनसान अन्धकारमा मसँग हिड्न थाल्यो ?
उदेखि टाढा रहने मैले सकभर कोशिश गरें, बाङ्गो-टिङ्गो बाटो
पनि हिंडे,
कति चोटि यस्तो भान भयो कि उ छैन, तर पुनः उसको पदध्वनि
सुनिन थाल्यो ।
उसले भूइँमा धूलो उडाउँदै गयो, विलक्षण चंचलता छ उसमा ।

मेरो प्रत्येक शब्दमा उसले आफ्नो स्वर मिलाउँछ,
उ मेरो निर्लज्ज छ, उसँग तिम्रो ढोकासम्म आउँदा मलाई लाज
लाग्छ ।
प्रियतम ! तिमीलाई भेट्ने भनीकन म एक्लै बाहिर आएको थिएँ ।

## स्वच्छ पत्र-पुष्प

देवता आजदेखि म आफ्नो काँधमा आफ्नो भार उठाउने छैन !
आजदेखि म आफ्नो ढोकामा भिक्षा माग्न आउँदिनँ !
यो भारलाई तिम्रो चरणमा राखिदिन्छु, अनि बेफिक्री भएर विचरण
गर्छु,
चिन्ताग्रस्त झैँ पछाडि फर्केर हेर्नेछैन ।
म आफ्नै काँधमा आफ्नो भार लिएर हिंडडुल गर्दिनँ द्व
मेरा वासनाका समीरले जुन-जुन बत्तीलाई छुन्छ, त्यसको प्रकाश
क्षणभरमा
मधुरो हुन्छ ।
यसमा मलिनता छ : यमि फोहोरी हातका नैवेद्य स्वीकार नगर !
मेरा वासनाको मलिनता छ ।
स्वच्छ प्रेमले प्रेरित पत्र-पुष्पलाई नै स्वीकार गर, देवता !

## नतमस्तक

ईश्वर ! जहाँ सबैभन्दा अधम, दीनभन्दा दीन मानिसहरु बस्छन्,
त्यहाँ सबैका पछाडि अनि सबैका तिरस्कृत मानिसहरुका
माझमा तिम्रो चरण छ ।
जब म तिमीलाई नमस्कार गर्दछु, त्यस वेला मेरो नरम शिर
निकै टाढा पुगिसक्छ तर तिम्रो चरण-पिठ्यूसम्म पति पुग्दैन ।
किनमि, तिम्रो चरण सबैभन्दा साधारण अनि दिनजनका माझमा छ ।
मेरो शिर निहुरिएर पनि तिम्रो चरणसम्म पुग्न सक्दैन !
जहाँ तिमी दीनजनका दरिद्र वेशमा सर्व-दलित, सर्व-तिरस्कृत, अति
दीन जनका माझमा संचार गर्छौ, त्यहाँ मेरो अहंकार पुग्दैन ।
धन-मान सम्पन्नका माझमा म तिमीलाई पाउने आशा गर्दछु, तर
तिम्रो साहचर्य उसँग छ जोसँग अरु सहचर छैन !
ती सर्वदलित, तिरस्कृत र दीनभन्दा दीन जनका छेउ मेरो हृदय
पुग्न सक्दैन !

## हृदय-कोष

मेरो हृदयमा पूर्ण रुपले तिमीले स्थान लिएको छौ, यसकारण
तिमीलाई
जे जस्तो मन पर्छ गर ।
जब तिमीले मेरो भित्री वस्तुमा अधिकार गरयौ भने बाहिर भएका
सारा चीज आफ्नो हातमा लेऊ ।
यसरी नै मेरा सबे तृष्णा शेष हुन्छन्, अनि मात्र तिमीले मेरो देहमा
परितृप्त गर्नेछौ ।
यसपछि अरु चिन्ता रहँदैन, संसारका बाङ्गो-टिङ्गा बाटोमा अंगार
बर्सिन्छ भने बर्सोस् ।
विविध रुपमा यसरी जो खेल तिमी खेल्छौ, त्यो मलाई रुचिकर छ ।
एउटाको आँखामा तिमीले आँसु पारिदिन्छौ अनि आर्कोको

आँखामा हास्य !
कतिचोटि मलाई यस्तो लाग्दछ मेरा सबै चीज-बीज खोसिदिए,
तर जब तिमीसँग भेटघाट भयो अनि मलाई लाग्यो जो
खोसिएको थियो त्यो भन्दा झन बेसी पाएँ ।
एक हातले तिमी मलाईृ शिरदेखि उठाएर मनि राख्छौ, तर अर्को
हातले उठाएर छातिमा राख्छौ !
मेरो हृदय-कोषमा तिमीले स्थान लिएका छौ, यसकारण अब जे
तिमीलाई मनपर्छ त्यही गर !

## संचित धन

दिन बितेपछि मृत्यु जब तिम्रो ढोकामा आउला, उसलाई तिमीले के
उपहार दिने ?
मेरो प्राणको सागर रत्नले खचाखच छ, यी सबै रत्न उसको
अगाडि राखिदिन्छु ।
जुन दिन मृत्युको दूत मेरो ढोकामा आउला त्यस दिन उसलाई खाली
हात पठाउनेछैन ।

शरद्, वसन्त, संध्या, प्रभात, दिवस, रजनीरुपी वाटिकाका पुष्पद्वारा
संचित रसहरुको भण्डार मेरो जीवन-पात्र छ,
सुख-दुःख, छाया-प्रकाशका विविध पत्र-पुष्पहरुले मेरो अन्तःकरण
सजाइएको छ,
जति संचित धन सजाएर आफ्नो जीवन-पथको आखिरी दिन,
जब मृत्यु मेरो ढोकामा आउँछ, म उसको अगाडि राख्छु ।

## ऐ मेरो मृत्यु

ऐ मेरो जीवनको अन्तिम सहारा !
ऐ मेरो मृत्यु ! आऊ र मसँग कुरा गर !
म तिम्रो लागि जन्मभर बिउँभिरहेको छु, जन्मभर तिम्रो लागि
सुख-दुःखका भार आफ्नो काँधमाथि उठाएर हिंडडुल गरिरहेछु ।
ऐ मेरो मृत्यु ! आऊ र मसँग कुरा गर !
जे जति म छु, जो मेरो छ,
आफ्नो जीवनमा मैले जे जति गरेको छु,
मेरो प्रेम, मेरो आशा : सबै रहस्यपूर्ण मार्गबाट तिम्रो दिसापट्टि
बढिरहेछन् !
तिम्रो अन्तिम एक दृष्टिमा मेरो सम्पूर्ण जीवन अर्पित हुनेछ ।
फूलहरु संकलन भइसके,
वरमाला उनियो,
तिमी कहिले वरको सुन्दर वेष-भुषामा शान्त हाँसो लिएर आउँछौ !
त्यस दिनदेखि नववधू भईकन म आफ्नो डेरा छोडिदिन्छु अनि
रातको एकान्तमा पति-पत्नीको परिचय होला ।
त्यस वेला तिमी- ममा भेद रहनेछैन !
ऐ मेरो मृत्यु ! आऊ र मसँग कुरा गर !

## टाढा देशको यात्रा

म टाढा देशको यात्री हुँ !
मलाई कसैले रोकेर राख्न सक्दैन । सुख-दुःखका सबै बन्धन
झुटा छन् ।
घरको पर्खालले मलाई कहिलेसम्म रोक्ला ? विषयका जालहरु पनि
मेरो देहमा सिथ्यै परेका छन् । ती सब एउटा अर्को गर्दै तार
टुटेर चकनाचूर हुनेछन् !
म टाढा देशको यात्री हुँ । बाटामा हिंड्दा- हिंड्दा म खुशीसाथ गीत

गाउँदै हिँडिरहेछु । मेरो देह-दुर्गका सबै ढोका खुलेका छन् ।
वासनाकका जञ्जीर टुटे । पाप-पुण्यका भुँवरीबाट
निस्किसकेको छु ।

म टाढा देशको यात्री हुँ !
मेरो सबै भार हलुङ्गो भयो ! आकाशका कुनै अज्ञात निःशब्द
गतिका स्वरले मलाई बोलाइरहेछन्, कसैको बाँसुरीको गम्भीर
रागले मेरो प्राणलाई बिहान बेलुकाँ उपट्टि खिचिरहेछ !

म टाढा देशको यात्री हुँ !

म रातको कुन पहरमा बाहिर आएँ, कसले जान्दछ ?
त्यस वेला कुनै पक्षीले गीत गाएको थिएन । रात कति बितिसकेको
थियो, थाहा थिएन । हो, एकहोरो आँखामात्र त्यो आन्धकारमा
जागिरहेको थियो ।

म टाढा देशको यात्री हुँ !
कुन दिनको अन्तिम घडीमा मैले कुन घर पुग्नुपर्ला, कसले जान्ला ?
त्यहाँ कुन ताराहरले दिपक प्रदीप्त गर्लान्, कुन फूलका सुगन्धले वायु
चंचल भई उठलान्, कुन अनादि समयदेखि आफ्ना स्निग्ध नयनले
त्यहाँ मेरो प्रतीक्षा गरिरहेछन् : कसले जान्ला ?
म टाढा देशको यात्री हुँ, मलाई कसले रोक्न सक्ला ?

## मन्दिर

पुजारी ! भजन, पूजन, साधन, प्रार्थना यमि सबैलाई एकातिर राखिदेऊ ।
ढोका बन्द गरेर मन्दिरको कुनामा किन बसिरहेछौ ?
आफ्नो मनको अन्धकारलाई लुकाएर बसिरहेछौ, तिमी कस्तो
पूजामा एकचित छौ ?

आँखा खोलेर एकपल्ट हेर, तिम्रो मन्दिरमा देवता छैन !

जुन रुखा जमीनलाई नरम पारेर कृषकहरुले खेतीपाती गरिरहेछन्,
जुन ठाउँमा रोजगरीहरुले पत्थर फोरेर बाटा बनाइरहेछन्,
तिम्रो देवता त्यहीं गएको छ !

उ घाम-पानीमा सधैं एकै रहन्छ,
उसका दुव हात माटोले पूर्ण छन्,
उसको नगीचमा जानुछ भने सुन्दर वस्त्र त्यागेर माटोले भरिएका
बाटाबाट जाऊ !
तिम्रो देवता मन्दिरमा छैन, भजन, पूजन, साधन एकातिर
राखिदेऊ !

## सीमामा असीम

हे असीम ! सीमामा पनि तिम्रो स्वर ध्वनित भइरहे छ ! मेरो
अन्तःकरणमा पनि तिम्रो मायाले प्रकाश छ !
हे रपरहित ! मति रङ्ग, गन्ध, संगीत, छन्दहरुमा तिम्रो रुप,र तिम्रो
लीलाका बयान मेरो हृदयमा भरिएको छ !
यसकारण मेरो अन्तःकरणमा तिम्रो शोभा यति आकर्षक छ !
जब तिम्रो-मेरो मिलन होला त्यस वेला सबै समस्याहरु हराउनेछन् ।
संसार-सागरका तरंगका ज्वार उठ्नेछन् अनि पृथ्वी हल्लिनेछ !
तिम्रो उज्वलतामा छाया छैन : मेरो अन्तःकरणमा नै उसले
काया पाउँछ !
मेरा आँसुहरुमा नै उ संतप्त, र सुन्दर हुन्छ,
मेरो हृदयले गर्दा यसकारण तिम्रो शोभा यस्तो आकर्षक छ !

## तिम्रो सुख मेरो अधीन

तिम्रो खुशी ममाथि नै अवलम्बित छ !
तिमी मसँग भेट्नलाई तल झरेका छौ !
हे लोकेश्वर ! म न भएको भए तिम्रो म कहाँ हुने थिएँ ?
मलाई तिमीले आफ्नो संसार-वैभवका भागीदार बनायौ, मेरो अन्तर तिम्रो अनन्त क्रीडा-भूमि हो ।
मेरो जीवनमा तिम्रो लीला विविध रुपमा व्यक्त भइरहेछ ।
मेरो हृदयलाई वश गर्नाको लागि नै तिमीले सुन्दर अलंकारहरुद्वारा आफूलाई सजाउँछौ ।
तिम्रो प्रेम भक्तहरुका प्रेममय हृदयमा पाइन्छ । तिम्रो मूर्ति पूर्ण मिलनको समयमा पनि सबैभन्दा पृथक् प्रकाशित हुन्छ ।

## प्रभुगृहका सिपाही

जुन दिन ती वीर सिपाहीहरु आफ्ना प्रभुका घरबाट आए !
त्यस दिनदेखि तिनीहरुका गहकिला शक्ति स्वतः कहाँ विलीन भए !
तिनीहरुका हात-हतियार कहाँ छन् ? तिनीहरुका शौय कता हराए ?
तिनीहरु क्षीण अनि असहाय झैँ भए । त्यही दिनदेखि तिनीहरुमाथि चारैतिरबाट प्रहार हुनथाले । तिनीहरुका गहकिला शक्ति स्वतः कहाँ विलीन भए ? धनुष, बाण, तरवार कहाँ हराए ?

पुनः, जब तिन सिपाहीहरु प्रभुगृहबाट फर्केर गए, त्यस वेला तिनीहरुको चेहरामा अति आनन्द झल्किरहेको थियो ।
आफ्ना सांसारिक जीवनका फलाफललाई त्याग गरेर तिनीहरु प्रभुगृहमा फर्किरहेका थिए ।

## नौलो पथ-रेखा

एक दिन मेरो मनमा विचार उठयो :
जो हुनु थियो सबै भइसके, मेरो यात्राको आखिरी निर्दिष्ट स्थान आइपुग्यो ।
मलाई ज्ञात भयो, अब अघि बाटो छैन, म मेरो भऱ्याङमा आइपुगें ।व
अब कोशिशको केही आवश्यकता छैन, पाथेय पनि शेष भयो ।
थाकेको, हारेको जीवनलाई विश्रान्ति लिने वेला आयो ।
यमि फाटेका पुराना वस्त्र लिएर म अघाडि कसरी जान सकुँला ?
तर आज देख्दछु :
तिम्रो लीलाको अन्त नै छैन, नजीनताको कुनै घेरा छैन ?
आफ्नो नयाँ मनोकामना पूर्ण गर्नाको लागि तिमलि मलाई फेरि नयाँ जीवन दियौ ?
मेरा गीतका पुराना स्वरले आफ्नो माधुर्य हराए पनि नयाँ संगीतको स्वरमा हृदयको स्रोतबाट उत्पति भए !
जब पुराना पथरेखा अदृष्य भए अनि नयाँ नयाँ मार्गका दृष्यहरु आँखामा नाच्न थाले !

## आभुषण-हिन

स्वमी ! मेरा गीतले आफ्ना सबै आभूषण झिकिदिएका छन् ।
तिम्रो अगाडि उसले वस्त्र-परिधानको अहंकार पनि राखेन ।
आभूषण-अलंकारले तिम्रो-मेरो पारस्परिक पूर्ण मिलनमा बाधा दिन्छन् ।
उसको चञ्चल आवाजमा तिम्रो गीतको सवर लोप हुन्छ ।

तिम्रो अगाडि म गवैया बन्ने मेरो अभिमानले शोभा दिंदैन ।
हे महाकवि ! म तिम्रो शरणमा पर्नलाई विन्ति गर्छु ।
मेरो जीवनलाई बाँसुरी झैं सजिलो पारिदेउ !
त्यो बाँसुरीका सबै प्वालहरुमा आफ्नो गीतको स्वर भरिदेऊ !

## राजसी पोशाक

राजसी रवाफ-ढाँचाका परिधान र हरि-मोतीका हार लगाएर,
केटाकेटीका क्रीडा विनोदलाई आनन्द गर्न किन दिएनौ ?
वस्त्र र अलंकारहरुका दायित्वले तिनीहरुलई खेल्न दिंदैन ।
हाम्रो वस्त्र-भूषण जन- सम्पर्कमा नफटोस्, घूलो-पीठो नहोओस्,
यही डरले तिनीहरु आफ्ना साथीहरुदेखि टाढा बस्छन् ,

राजसी रवाफ-ढाँचाका लुगाहरु लगाइदिएर जुन किशोरलाई
सुसज्जित पार्छौ, अनि मोती-हारका मालाहरुले शोभित गर्छौ,
तिनीहरुलाई राम्ररी निहालेर हेर्दा अनेक प्रकारका डरले छोप्छन् ।

मुमा ! किशोरलाई राजा झैँ सुसज्जित पारेर अथवा हार लगाइदिएर
के हुन्छ ?
ढोका खोलिदेऊ, किशोरहरुलाई बाहिर गएर, बाटाका धूल-वर्षा,
धूलिमा विश्राम गर्न देऊ -
तिनीहरुलाई मानिसहरुसँग मिलेर नाना प्रकारका खेल खेल्न देऊ !
चारै दिशाबाट शतशः मधुर स.गीत स्वरका आवाज गुञ्जिरहेछ,
आइरहेछ : ती स्वरमा स्वर मिलाएर किशोरहरुलाई गाउन देऊ !

## अन्तिम प्रसाद

जन्मभर म मेरा गीतहरुद्वारा मेरो अन्तःकरणमा अनि पृथ्वीका
दिशा-दिशान्तरमा तिमीलाई खोजिरहेछु :
मेरा गीतले मलाई घर-घर, ढोका-ढोका पुऱ्याए । यमि गीतद्वारा मैले
कतिपल्ट तिम्रो सन्देश सुनाएँ, मति अप्रकट रहस्यहरु उद्घाटन गरे ,
हृदय-अम्बरका अगणित ताराहरुसँग मेरो परितय भयो !
नानाविधिका सुख-दुःखपूर्ण प्रदेशहरुमा मेरा गीतले यात्रा गरे अनि
अन्तमा सन्ध्या समयको वेलामा आफ्नो प्रसाद पाउने आशाले यमि
गति मेरो छेउमा आएका छन् !

## नीरव गीत

मेरो अन्तिम गीतले सबै रागिनी पूर्ण हुन्छन् !
त्यो गीतको स्वरमा मेरो हृदयको सम्पूर्ण आनन्द व्यक्त छ ।
जुन आनन्दले पृथ्वीका वक्षका हाँगाहरु सँगैसँगै गुञ्जिउठ्छन्,
जुन आनन्दद्वारा जीवन-मरण, दुइ सहोदर भाइ, परस्परमा ओतप्रोत भएर संसारको रङ्गशालामा नृत्य गरिरहेछन्,
त्यही आनन्द, यमि रागिनीका स्वरमा व्यक्त हुन्छ !
जो, आनन्द बादल र आँधीका साथ रहन्छ, अनि आलस्यमय उदास जीवनमा हास्य विद्युत् भरिदिन्छ,
जो आनन्द दुःखका रक्तिम कमल-पत्रमा आँसु झैँ चूपचाप बस्दछ,
अनि जो आनन्द आफ्नो सर्वस्व धूलोमा मिलाएर निःशब्द र निर्लेप रहन्छ,
त्यही आनन्द यी रागिनीका स्वरबाट व्यक्त हुन्छ !
अल्प भिक्षा
ईश्वर ! म तिमीसित यति मात्र भिक्षा माग्दछु :
तिमी ममा बस यति अहंभाव शेष होओस्, म तिमीसँग पूर्णरुपले एकरुप हुन सकूँ !
ममा खालि यति स्वतंत्र चेतना आओस् अनि म तिमीलाई चारैतिर पाउन सकूँ,
रात दिनका प्रत्येक क्षण प्रेम तिमीलाई अर्पण गर्न सकूँ ! तिमी ममा बस यति मात्र आवरण रहोस्, मेरो ‘अहं’-ले तिमीलाई ढाक्न नसकोस्, तिम्रो लीलाद्वारा नै मेरो सम्पूर्ण जीवन संचारित होस् ।

ईश्वर ! मलाई यति बन्धनमा बाँध, म तिम्रो प्रेम-पाशमा बाँधिऊँ,
मेरो जीवनमा तिम्रो आवश्यकता सिद्ध भइरहुन् !
ईश्वर ! तिमीसित यति मात्र भिक्षा माग्दछु !

## प्राणको झोली

तिमीले मेरो प्राणको झोली यति भरिदएका छौ कि अहिले नै मृत्यु भए तापनि मलाई दुःख लाग्दैन !
रात-दिन मति सुख-दुःख, कति हृदयाकाशमा प्रतिध्वनित स्वर, मति पोशाक र रुपमा तिमी मेरो मनमा आएर हृदय हरण गरयौ ।
अब अहिले नै मृत्यु भए तापनि मलाई दुःख लाग्दैन !

मलाई थाहा छ मैले तिमीलाई राम्ररी स्वीकार गर्न सकिनँ,
यसकारण मैले तिम्रो पूर्णताको वरदान पाउन असमर्थ भएँ, तैपनि जो चीनहरु मैले पाएको छु ती अहोभाग्यले पाएको हुँ !
तिमीले मलाई स्पर्श गऱ्यौ, आफ्नो संकेत दियौ, 'तिमी छौ' : यो अनुभूति दियौ, यही श्रद्धाको नाउँमा मेरो जीवन-यात्रा चलिरहेछ !
अब, अहिले नै मृत्यु भए तापनि मलाई दुःख लाग्दैन !

## बिदाइको दिन

बिदा लिने दिन म यही कुरा भन्दै जानेछु कि जो मैले देखें, पाएँ, त्यसको उपमा थिएन !

यो प्रकाशमय पोखरीको कमलका मीठो मह मैले चाखेको छु, मैले पिएर धन्य भएको छु !

संसारका क्रीडागृहमा मैले धेरै खेल गरेको छु, दुइ नयनले मैले अत्याधिक सौन्दर्य मह पान गरेको छु !

जसको स्पर्श गर्न असम्भव छ, उसले मेरो देहको नसा-नसामा पसीकन मेरो प्राणलाई पुलकित पारयो । मैले उसलाई पाएर धन्य भएको छु !

यसकारण बिखा लिने दिन म यही घोषित गरुँला कि जो मैले देखेँ
अनि पाएको छु त्यो अतुल्य छ, अनुपमेय छ !
यही शब्द मेरो बिदाइको शब्द होस् !

## नाउँको झ्यालखान

आफ्नो नाउँसँग जसलाई मैले बाधेको छु, उ यो नाउँको जजीरमा
बाँधिएको झ्यालखानमा रोइरहेछ ।
रात-दिन नाउँको पर्खाललाई बाँध्दा-बाँध्दै मैले अन्तिम काम
भुलिसकेछु ।
नाउँको यो पर्खाल जसरी आकाशमा माथि बाँधिदै जान्छ,
त्यसरी नै यौ पर्खालको छायाको अन्धकारले मेरो हृदयलाई
ढाकिरहेछ ।
माटोमा माटो राख्दै म नाउँमात्रको पर्खाललाई माथि पार्दै
गइरहेको छु,
त्यो पर्खालमा कुनै प्वल नहोस्, उज्यालो पस्ने कुनै बाटो नरहोस्,
यसको मलाई चिन्ता छ ।
यो पर्खालले सत्यस्वरुपलाई नै लुकाइराखेको छ !

## आसक्ति-श्रृङ्खला

मेरो मायाको जंजीर अति दृढ छ !
तिमीले त्यसलाई चकनाचुर पार, यही मेरो आकाँक्षा छ,
तर त्यसलाई चकनाचुर पार्दा मेरो मन उदास हुन्छ ।
मुक्ति याचनाका लागि म तिम्रो समक्ष आउँछु तर मुक्तिको आशाले
भयभीत हुन्छु !
मेरो जीवनमा तिमी नै सर्वश्रेष्ठ निधि छौ ।
तिमी जस्तो अनमोल
धन अरु कुनै छैन,

यो म जान्दछु, तर मेरो घरमा भएका टूटे-फुटेका भाँडाहरु पनि
फ्याँक्न मन मान्दैन ।
जो आवरण मेरो देहमा छ, हृदयमा परेको छ, त्यो धूलो-माटो हो
अनि मृत्युको अभिशापले ग्रस्त छ, मेरो मन त्यसलाई धिक्कार्दछ
तैपनि
उसको र मेरो सम्पर्क छ ।
मेरो ऋणको अन्त छैन, मेरो खातामा धेरै मानिसहरुको हिसाब
जम्मा छ, मेरो जीवनमा असफलता बेसी छ, मेरो लाजको सीमा
छैन,
तापनि जब म कलयाणको भिक्षा माग्न तिम्रो सामुन्ने आउँछु,
मनमनमा
डराउँदै काम्न थाल्छु यदि मेरो भिक्षा अस्वीकार भयोभने,
मेरो देह र हृदयका फोहोरलाई तिमीले झिकिदिएनौ, मेरो
बन्धनश्रृङ्खलालाई
चकनाचुर गरेनौ !

## सीपीको मोती

'म तिम्रो दयाको याचक हुँ,' यति पनि नजान्नू, ईश्वर ! तिम्रो
चरणको
छेउमा मलाई राखेर दयाले छोपिदेऊ ।
जब म निर्माण गर्दछु म तिमीलाई बिर्सन्छु । त्यस निर्माणको
फलफूलमा म मगनमस्त हुन्छु र त्यसबाट पाइएको सुखका
आरधनामा डुब्छु ।
यो स्वनिर्मित माटोको क्रीडागृहमा खेलिरहेको प्राणी सम्झेर विमुख
नगर, मलाई नीच ठानेर भुलिदेऊ, तर तिम्रो तेज प्रेरणाले मलाई
जागरुक बनाइदेऊ ।
यो द्वन्द्वको बीचमा सत्य छ, जसरी सीपीको दुइ भागमा मोती
रहन्छ । तिमी बाहेक अरु को छन् ?
यसलाई चिरेर सत्य प्रस्फुटित गर्न सक्लान् ?

मृत्युलाई चिर्दा मात्र अमृत पाइन्छ !
मेरो दीनताको अगाध शून्यता भर्न आऊ !
पतनको वेदनाले चेतना जागृत गर्नु !
द्वन्द्वको परस्पर-विरोधी कोलाहलमा तिम्रो गम्भीर वाणी मैले
स्पष्ट सुनिरहेको छु !

## प्रणाम

हे प्रभु ! यस्तो वर दिनोस् एकपल्ट प्रणाम गर्दा मेरो सम्पूर्ण तन
तिम्रो विशाल चरणमा स्पर्श गरोस् !
जलमय साउनको मेघमाल झैँ निहुरिएर मेरो मन एकपल्ट प्रणाम
गर्दा नै तिम्रो मन्दिर-ढोकामा समर्पित होओस् !
मेरा सबै गीतका विविध स्वरका चंचल क्रन्दनलाई एक प्रवाहमा
एकत्र गर,
अनि एक प्रणाममा तिम्रो नीरव सागरमा विलीन होस् !
मानसरोवरमा जाने हाँसहरु जसरी रात-दिन उडेको-उडेकै जान्छन्,
त्यसरी नै महामृत्युको बाटोमा मेरो प्राण एकपल्ट प्रणाम गर्दा नै
उडोस् !

## अविवाहिता

प्रियतम ! आफ्नो जीवनका अन्तिम गीतमा, म तिम्रो चरणमा
त्यसलाई आफ्नो अन्तिम उपहार स्वरुपमा अर्पित गरुँला :
जो मेरो जीवनम सतत झलकरुप रहेको छ,
जसले प्रात:कालको प्रकाशमा पनि आफ्नो घुम्टो खोलेन, शब्दहरुले
जसलाई कहिल्यै राम्ररी अंगालो हालेनन्
गीतले जसलाई आफ्ना स्वरमा राम्ररी बाँधेनन्,
जसको आकर्षणकारी सौन्दर्यले जयाँ-नयाँ रुप धारण गर्दछ :

प्रियतम ! त्यसलाई मेरो जीवनको अन्तिम उपहारको रपमा अर्पित गरुँला !

देश-देशान्तर भ्रमण गर्दै, मैले उसलाई आफ्नो अन्तःकरणमा
लुकाएर राखेको छु,
मेरो जीवनको सम्पूर्ण गतिविधि त्यही केन्द्रको परिक्रमा गरिरहेछ,
मेरा सम्पूर्ण विचारहरु, कामहरु, मेरो सपनामा त्यही राज्य गरिरहेछ,
तैपनि उ असहाय चोखो छ !
दिनोदिन मति मानिसहरु उसलाई भेट्न ढोकामा आए, तर सबै ढोकाको बाहिरबाट निराश भएर फर्के !
कुनै अन्य मानिसको अघि उ निरावृत भएको छैन, कसैसँग उसको
परिचय भएन !
केवल तिम्रो परिचय पाउने आशाले उ मेरो हृदयको कुनामा
बसिरहेकी छ !
प्रियतम ! उ मेरो जीवनको अन्तिम जितको अन्तिम उमहारको रुपमा तिमीलाई अर्पित गरुँला !

## प्रेमको हातमा अर्पित हुन म बसिरहेको छु

यसकारण साह्रै अबेर भइसक्यो, अनि मबाट कति अपराध
भइसके !
उनीहरुले आफ्ना विधि-विधानका डोरीले मलाई बाँध्न आउँछन्,
तर म सधैं पृथक् भइहाल्छु ।
यो अपराधको दण्ड भोग्नुपर्छ भने म खुशीसाथ भोग्छु,
कारण, म प्रेमको हातमा बिकेर यहाँ छु ।
मानिसहरले मेरो दिन्दा गर्दछन्, म निन्दाको भारलाई शिरोधार्य
गरेर सबैको अगाडि नतमस्तक हुन्छु ।
दिन बितिसक्यो,
क्रय-विक्रयका व्यापारी गइसके ।
मलाई बोलाउन आएका मानिसहरु पनि निराश भएर फर्किसके ।

तर, म केवल प्रेमको हातमा बिक्री हुनाको लागि यहाँ एक्लै बसिरहेको छु !

## विचित्र प्रेम

यो संसारको यस्तै रीति रहेछ कि जो मसँग प्रेम गर्दछ उसले प्रेमको जालमा बाँधिदिन्छ मलाई !
तर तिम्रो सबैभन्दा बेसी प्रेम सबै भन्दा अद्‌भुत छ, त्यसको नौलो रीति नै छ ,
तिमीले प्रेमको जालमा मलाई पार्दैनौ, सदैव मुक्त राख्छौ !
अनन्य प्रेमी, म तिमीलाई कहिल्यै भुल्न सक्दिनँ यही भयले, मलाई साथ दिन छोड्नेछैन ।

तर तिमी एउटा यस्तो छौ, जो दिनोदिन बितिजान्छ, आफ्नो दर्शन पनि दिंदैन !

तिम्रो प्रेम सबै भन्दा विचित्र छ !
म तिमीलाई प्रार्थनामा पुकार गरुँ वा नगरुँ, तिम्रो संझना गरुँ वा नगरुँ :
तिम्रो प्रेमले मेरो प्रेमको सदैव प्रतिक्षा गरिरहन्छ !

## प्रेम दूत

भगवान् ! प्रेमको दूतलाई कहिले पठाउने ?
उ आएपछि मेरा द्वन्द्व सबै लोप हुन्छन् ।

मेरो घरका अरु आगन्तुकहरुले मलाई डर मान्दै शासन गर्दछन्,
उनिहरुले मेरो मनको वातायन- आत्माको ढोका बन्द गरिदिन्छन्,

अनि नाश अनुभव नगर्दा यो बन्धनलाई झन् कसिदिन्छन् ।

प्रेमको दूत आउँदा सबै प्रतिबन्धन दूर हुन्छन्, सबै श्रृङ्खला आफैँ कमजोर हुन्छन् । उ आएपछि कसले मलाई घरको पर्खालभित्र थुन्न सक्छ ?
उनीहरु आउँछन्, एक्लै आउँछन्, उसको कण्ठमा फूलको माला झुण्डिएको हुन्छ । त्यो मालाले जब तिमील मलाई बाँध्छौ मेरो हृदय स्वतः निःशब्द हुनेछ !

## विश्राम कहाँ ?

मनमा सोचेको थिएँ अब म यहाँ नै पूरा विश्राम गर्छु !
तर विश्राम कहाँ भयो र ? तिम्रो सभामा फेरि फर्केर आएँ ।
अब नयाँ संगीत, नयाँ रागको लागि मेरो प्रफुल्लित मन उत्सुक भइरहेको छ ।
स्वरहरु अदेख भएपछि मेरो कस्तो दशा होला, यसको मलाई पटक्कै ज्ञान छैन ।
साँझको वेलामा स्वर्ण-रश्मिसित तान मिलाएर जब म मेरो गीत पूरा गर्दछु, मध्य रातको गम्भीर स्वरले मेरो जीवनका पुनः झंकृत हुन जाग्दछ ।
त्यस अवधिमा मेरा आँखामा निद्राको मादकता हुँदैन, मेरो गीतले विश्राम पाउनेछैन !

## साँझ

यदि दिन बित्यो, र पक्षीगणका गीत शेष भइसकेका छन् :
थाकेको-हारेको हावा बहँदै-बहँदै आलसतालस भइसकेको छ :
यसकारण मलाई पनि काला मेघका तन्नाले ढाकिदेऊ !
त्यसरी नै, जसरी तिमीले संसारलाई निद्राको सिरकले ढाकेका
छौ, अर्थात जसरी तिमीले दिन बितिसकेपछि वैलिएका कमलका
पुष्पदललाई कोमलताले बन्द गरेथ्यौ !

जसको पथ-सामग्री भञ्याङमा पुग्नुभन्दा अघि नै शेष भयो
र जसको चेहरामा चिन्ताका रेखा देखा परे ।
जसको पोशाक फाटिसकेको, र धूलोले ढाकेको छ, जसको शक्तिको
स्रोत सुकिसकेको छ ।
उसलाई, दिन बितेपछि काला-काला बादलका पछ्यौराले
ढाकिदेऊ !

## पुनर्जन्म

थाह छैन, कहिले मैले जीवनको यातना, झमेला पहिलो पटक
नाघेछु ?
कुनचाहिं शक्तिले गर्दा मलाई यो विशाल रहस्यमय देशमा पस्ने
प्रेरणा दियो ? जसरी मध्य रातमा जंगलमा फूलका
कोपिला फुट्छन् !
बिहान जब मैले उज्यालोका किरण देखें, त्यही वेला मैले बुझ म
त्यो रहस्यमय परदेशमा उकमात्र अपरिचित छैन, अनि यो एक
अज्ञात निराकार शक्तिले मलाई माताले झैं आफ्नो काखमा राख्यो ।
देहान्तको वेला पनि, त्यही अज्ञात तर युग-युगान्तरदेखि परिचिता
माता मलाई काखमा राख्नलाई आउँछे ।
जीवनसँग मेरो प्रेम छ, मृत्युसँग प्रेम हुनेछ !
माताको दक्षिण पट्टिको नजीकको स्तनबाट वियुक्त भएर नानी

रुन थाल्छ ,
तर एकछिनमा पश्चिमपट्टिको नजीक हुनाले चूप हुन्छ ।
जीवनबाट पृथक् भएर मृत्युलाई भेट्नु पनि यही क्षणिक वियोग र प्राप्ति झैं हो ।

## हरलबाजी

आज आफ्नै हारका मालाहरु र संझनाको चिनोले तिम्रो श्रृङ्गार गर्छु । अपराजित हुनु मेरो सामर्थ्यमा छैन ।
मेरो अभिमान भ्रष्ट हुन्छ, ज्यादा यातनाले मेरो जीवनको थिचिएको कोष फुट्छ, मेरो रित्तो हृदय गीतका छरपुष्ट स्वरले झंकृत हुन्छ,
अनि पत्थर पनि आँसुहरुले पग्लिन्छ, यो मलाई थाहा छ !
यो पनि जान्दछु कमलका सहस्र पुष्पदल सधैंका लागि बन्द रहँदैनन्,
अनि यिनीहरुका मधुकोष सधैं परपूर्ण भई रहँदैनन् ।

निलो आकाशबाट दुइ आँखाले मपट्टि एकहोरो हेरिरहन्छ अनि
मलाई चुपचाप बोलाउँछ !
मेरो निम्ति केही पनि बाँकी रहँदैन :
केही पनि रहँदैन ! तिम्रो चरणमा पनि मैले मृत्युको वरदान
पाउँला !
आज तिमीलाई पराजयका आभूषणहरुले सुसज्जित गर्छु, अपराजित हुनु मेरो शक्तिदेखि बाहिरको कुरो हो ।

## अन्तराल

जुन दिन कमलका कोपिलाले घुमौटो खाले, कमल-फूल पूरा फक्रिसकेका थिए !
हाय ! मेरो मन त्यो दिन कहाँ-कहाँ बरालिएको थियो ! मैले कमल फक्रेको सूचना नै पाइनँ !
मेरो डाली फूलविना थियो, अनि ती फक्रेका फूलमा मेरो नजर परेन ।
कहिले काहीं वारंवार एक विलक्षण झैं विषादले मेरो तन-मनलाई घेरिदिन्थ्यो ।
सपनाबाट बिउँझदा मैले दक्षिणतिरबाट आइरहेको हावाको सुगन्ध थाहा पाएँ ! त्यो रहस्यमय सुगन्धले मेरो हृदयमा प्रलोभनको विलक्षण वेदना परिदियो, वसन्तले पूर्ण मिलनको आकांक्षाका लामो सास लिए झै भान हुन्थ्यो ।
अहो ! त्यो यतिको नजीक थियो, होइन होइन, त्यो त मेरो उच्छ्वास थियो : यसको ज्ञान त्यस वेला थिएन ।
मैले त्यस वेला जानिन कि यो मनमोहन पुष्प-बेली मेरो आगम अन्तरालबाट निस्केको थियो !

## यात्रा

अब मैले डुंगाको भारी हालेर यात्रा शुरु गर्नुपर्छ ! हाय ! किनारमा उभिंदा-उभिंदा दिउँसो आलस्यमय घडी बितिरहेछ ।
वसन्तका फूल फुलेर बिदाइ भइसके ।
म वैलिइसकेका फूलहरुलाई छटाउँदै कसको प्रतीक्षामा उभिरहेछु ?
अहरमा आवाज छ अनि किनारमा अँध्यारा स्वच्छ बाटामा पहेंला पातहरु भरिरहेछन् ।
तिमी कुन शून्यतामा आँखा गाडेर उभिरहेछौ ! मलाई यो बगिरहेको हावाको कण-कणमा मिश्रित आनन्दको अनुभूति हुँदैन ?
जसमा त्यो पल्लोपट्टिको गीतको स्वर छ !

## थकित परेला

यो थाकेको रात मलाई सबै चीज-बजि तिम्रो सामु राखेर
एकाग्रता र पूरा आश्वासनका साथ तिम्रो सुत्नदेऊ !
मेरो थाकेको अनि शिथिल शक्तिलाई आफ्नो पूजाको अर्ध्य
संचयमा नहाल :
मेरो थाकेको, हरेस खाएको मनले पूजाका लागि आवश्यक सामग्री
जुटाउन सक्दैन ।
तिमीले नै दिउँसोको थकाइले चूर भएका आँखालाई रातको
पछ्यौराले ढाकिदिन्छौ :
जसले गर्दा त्यो जागरणको नयां उत्साहले प्रस्थान गर भन्ने
संकेत दिन्छौ !

## स्वत: कैदी

'कैदी !भन, उनी को थिए जसले तिमीलाई कैदी बनाए !'
कैदीले उत्तर दियो, 'मेरो भगवानले : मैले सम्झेको थिएँ म धन र बलले सबै भन्दा अगाडि बढ्छु। आफ्नो सन्दूसमा मैले भगवान्को भागका धन पनि राखेको छु । जब निद्राले समात्यो, भगवानको शय्यामा सुतें । फेरि जब म बिउँझे, म स्वयं सन्दूसमा थुनिएको थिएँ !'

'कैदी ! भन उनी को थिए जसले यो जञ्जीरलाई अटूट बनाइदिए ?
कैदीले भन्यो, ' स्वयं मैले यो जञ्जीरको प्रत्येक भाग खूब होशियारी साथ बनाएको थिएँ। मैले सपनामा देखेको थिएँ, आफ्नो अजेय सक्तिले संसारका सबै शक्तिहरुलाई यस जञ्जीरमा बाँधिदिन्छु अनि आफू स्वधिन भएर संसारलाई दास बनाउँछु। यसकारण दिन-रात खूब परिश्रम, दन्कँदो आगो र ..........निर्दय प्रहारद्वारा मैले यो जञ्जीर तयार पारें ! तर जब जञ्जीरका प्रत्येक भाग जोडदा

अखण्डित भए, मैले देखें म स्वयं यी अखण्ड फलामे यवनिकाको कैदी भइसकेको थिएँ ! '

## अनुग्रह-गीत

तिम्रो मनमा थकाइको आवरण छ अनि तिम्रा आँखा निद्राको भारले बन्द भइरहेछन् ।
के तिमीले सुनेका छैनौ, फूल अति अभिमानसाथ काढामाथि आफ्नो आधिपत्य जमाइरहेछन् ?
उठ, हे जागरुक मानव ! समयलाई व्यर्थमा नफाल । तिम्रो कर्तव्य मार्गको आखिरीमा, त्यो अघम एकान्त प्रदेशमा, तिम्रो साथी एक्लै बसिरहेको छ, उसलाई धोका नदेऊ । उठ, हे जागरुक मानव !
आकाश मध्यान्हको गर्मीले बाफिएको छ : त्यसको चिन्ता नगर !
तिम्रो हृदयको भित्री भागमा के कुनै उल्लास छैन र ?
तिम्रो प्रत्येक कदममा के वीणाका तार करुण गीतहरुमा झंकृत हुँदैनन् ?

## बाल-सम्मेलन

अगणित मानिसहरुका बालकहरुको समुद्र-किनारमा मेला लागेको छ !
माथि अनन्त आकाशको मौनता छ, अनि मनि सागरका क्षुधित तरंगहरु छन् ।
अगणित मानिसहरुका बालकहरु समुद्र-किनारमा कोलाहल र नृत्य गर्न आउँछन् ।
तिनीहरु माटाका घर बनाउँछन्, रित्ता कौडीसित खेल्छन् ।
तिनीहरु सुकेका पातहरुको नाउ बनाएर सागरका अथाह जलमा बगाइदिन्छन् ।
अगणित मानिसहरुका बालकहरुको समुद्र-किनारमा मेला लागेको छ !

तिनीहरु पौडी खेल्न जान्दैनन्, जाल फिजाउन सक्दैनन् ।
मोतीका मल्लाहा मोतीको लागि डुबुल्ककी मार्छन्, सुन-चाँदीका
ग्राहक आफ्ना जहाजमा धन संग्रह गर्न जान्छन्, तर बालकहरु
सागरको किनारमा कौडी संग्रह गर्छन्, अनि छरपुष्ट गरिदिन्छन् !
तिनीहरुलाई गाड धनको चासो छैन अथवा तिनीहरुलाई धन संग्रह
गर्नाको लागि जाल फिंजाउने काइदा थाहा छैन ।
सागरका तरंगहरु हाँस-ठट्टा गर्दै उफ्रन्छन्, र सागर-किनारमा
जहरिला मुस्कानका रेखाा खिचिन्छन् । मृत्युसंचारिका लहरहरुले
बालकहरुलाई अर्थहिन संगीत सुनाउँछन् जसरी आमाले कोक्रोमा
सुतेका शिशुलाई मीठा-मीठा गीत गाउँछिन् !
अगणित मानिसहरुका बालकहरुको किनारमा मेला लागेको छ !
पथविनाको आकाशमा आँधि-बेहरी आउँछ, पथविनाको सागरका
तरङ्गहरुमा जहाज ठोकिन्छन् । मृत्यु स्वतंत्र भएर घुमिरहेछ तर
नानीहरु किनारमा खेलिरहेका छन् !
अगणित मानिसहरुका बालकहरुको समुद्र-किनारमा मेला लागेको छ !

## अरुणिमा

निद्रा सुतिरहेको शिशुको परेलामा कहाँबाट पहिलो किरण आयो ?
कसैले जान्दछ ?
अँ, यस्तो सुनिएको छ केही टाढामा अप्सराहरुको एउटा गाउँ छ
जो युग-युगदेखि मधुरो प्रकाशद्वारा घनघोर जंगलको छायामा
अवस्थित छ । त्यहाँ दुय फूल फक्रेका छन् । त्यहींबाट शिशुको
परेलामा स्वाइँ खान ती झर्छन ।
शिशुको तल्लो ओठमा नाचिरहेको मुस्कुराहट मति उत्पन्न भयो ?
कसैले जान्दछ ?
यस्तो सुनिएको छ शुक्लपक्षको चन्द्रमाको नयाँ, चोखा किरणहरुले
एकचोटि वासन्ती बादलका झुण्डलाई स्पर्श गरे । पहिलोपल्ट त्यही
शीतले भिजेको उषाका सपनामा हास्यको जन्म भयो । त्यही हाँसो
शिशुको ओठमा नाचिरहन्छ !

शिशुको देहमा मधुर, स्निग्ध अरुणिमा कहाँबाट आयो ? कसले जान्दछ ?

अँ, जब उसकी मुमा तरुणी युवती थिइन् त्यही वेला यही अरुणिमाले उनको हृदयमा मूक प्रेमको स्निग्ध मधुर रहस्यले जरा हालेको थियो : यही स्निग्ध शिशुको देहमा पसेको छ !

## समाधान

मेरो नानी !
तिमीलाई जब म रंग-बिरंगी गुडिया ल्याउँदछु :
मेरो समाधान भइहाल्छ, किन कादलमा र पानीमा रंगको फगुवा हुन्छ
अनि केको निम्ति फूलहरुका पुष्पदल रंगीन छन् ?
जब म तिमीलाई नचाउनको लागि गीत गाउँछु :
म जान्दछु, किन रुखका पातहरुमा गीतको स्वर रहेको छ, अनि
किन होला सागरका तरंगहरु आफ्ना गीत सुन्नलाई उत्सुक पृथ्वीको
हृदयलाई बराबर सुनाइरहन्छन् ।

जब म तिम्रो लालची हातमा मीठा खानेकुरा राख्छु :
म जान्दछु, मिन फूलदानीमा स्वदिलो अमृत राखिएको छ, अनि किन
होला फूलहरमा मीठा रस भरिएका छन् ।

जब म तिमीलाई हँसाउनलाई तिमीलाई म्वाइँ खान्छु :
म जान्दछु प्रातःकाल आकाशबाट निस्किरहेका आनन्द-धाराहरुको
रहस्य के हो अनि वसन्तको हावाले जब मलाई देहमा छुन्छ त्यसवेला
किन मलाई रोमांच हुन्छ ।

# आँचलको बत्ती

त्यो सुनसान नदीको भिरालो बाटोमाथि जहाँ लामा-लामा घांस उब्जेका थिए, मैले उसलाई भनें, 'सुन्दरी !तिमीले आफ्नो आँचलले यो बत्तीलाई छोपेर कहाँ गइरहेछ्यौ ? यो बत्ती मलाई देऊ : मेरो झोपडीमा गहिरो अन्धकार छाएको छ ।'

असले आफ्ना काजलयुक्त आँखालाई क्षणभरका निम्ति मतिर केन्द्रीभूत गर्दै भनी, 'दिन बितिसकेपछि आफ्नो बत्तीलाई नदीका धारामा बगाउनलाई आएकी हुँ !'

म आश्चार्यान्वित भएर हेरिरहें, उसको धिप्धिप् गरिरहेको बत्ती नदीका छालमाथि निष्प्रयोजन बगिरहेथ्यो !

रातको अन्धकार झन् गहिरिंदै थियो, मैले उसलाई सोधें, 'सुन्दरी ! तिम्रो घर उज्यालोले झिलिमिली भइरहेछ । अहिले यो बत्ती लिएर तिमी कहाँ गयौ ? यो बत्ती मलाई देऊ, मेरो झोपडीमा गहिरो अन्धकार छाएको छ ।'

उसले आफ्ना काजलयुक्त आँखाले मेरो चेहरामा सन्देहपूर्ण दृष्टिपात गर्दै भनी, -' म यो बत्ती शून्य उज्यालोमा अर्पित गर्न आएकी हुँ ।'

म आश्चार्यान्वित भएर हेरिरहें, उसको दीपशिखा आकाशको शून्यतामा निरुद्देश्य जलिरहेथ्यो !
चन्द्रमाहीन कालो औंसीको रातमा मैले उसलाई सोधें, 'सुन्दरी ! यो जल्दै गरेको बत्तीलाई आफ्नो हृदयको छेउमा राखेर कसको खोलमा हिंडिरहिछ्यौ ?'
ऊ एक क्षण, थामिई, पुनः केही सोचेर मपट्टि फर्केर भनी, 'मैले मेरो त्यो बत्ती विश्वको दीप-मालाका उत्सवमा सम्मिलित पार्न ल्याएकी हुँ ।'

म आश्चार्यान्वित भएर हेरिरहें, उसको सानो बत्ती सहस्र बत्तीहरुका उज्यालामा निष्प्रयोजन भएर लोप भइरहेको थियो !

## स्वतन्त्र प्रभात

तिमी नै स्वतन्त्र उज्याले हौ, अनि तिमी नै आकाश-स्थित डेरा पनि हौ !

हे सुन्दर ! यो तिम्रो प्रेम नै हो जसले यो डेरामा गाढा निद्रामा परेको आत्मालाई आफ्नो रुप, सुवास र स्पर्शले सुशोभित गरिदिन्छ।
मूक उषा आफ्ना हातमा सुन्दर फूलका हारले सजाइएको डालो लिएर पृथ्वीलाई अभिषेक गर्न आउँछे !
यो सन्ध्या, निर्जन-नीरव उपत्यकामा आफ्नै बाटो हिंड्दै, अनन्त शान्तिको पश्चिमका सागरबाट आफ्नो स्वर्ण-गाग्रीमा शान्तिको शीतल अमृत भरेर ल्याइरहेको छ !
तर जहाँ आत्माको स्वतन्त्र बिहानको निम्ति अनन्त आकाश फैलिएको छ, त्यहाँ निर्दोष श्वेत ज्योत्स्ना फिंजिएको छ : त्यहाँ न रात छ, न दिन, न आकार छ न रंग, अनि यस्तो सुनसान छ जहाँ शब्द कहिल्यै कुनै समयमा पुग्न सक्दैन !

## रहस्यमय

यो त्यही हो जो मेरो आन्तरिक हृदयमा रहेर आफ्नो भित्री रहस्यमय स्पर्शले मेरो आत्मालाई जगाइदिन्छ।
यो त्यही हो जो यी आँखामा आफ्नो जादू देखाउँछ अनि खुशीसाथ मेरो हृदयका तारहरुमा सुख-दुःखका राग गाउँदछ।

यो त्यही हो जो सुन-चाँदीका तारले मायाजाल बुन्छ, अनि आफ्नो चरण यो संसारमा राख्दछ।

जसको स्पर्शले आनन्दित भएर म आत्मा-विस्तृत हुन्छु।
दिन प्रतिदिन आउँछन्, युग प्रतियुग बित्छन्, तर यो त्यस्तै छ जो मेरो हृदयलाई विविध नाउँ, विविध रुप र सुख-दुःखका विविध तरंगले मुलायम पार्दछ।

## जीवन-स्रोत

जुन जीवन स्रोत रातदिन मेरा नसाहरुमा प्रवाहित भइरहेछ, त्यही नै पृथिवी (पृथ्वी)-मा त्यस्तै गति र लय तान लिएर हिंडिरहेछ!
यही जीवन-स्रोत हो जो सानन्द धरतीको कणसँग ठोकिंदै हरिया घाँसका बिरुवाको रुपमा प्रकट हुन्छ अनि यो त्यही हो जो अगणित नयाँ बिरुवा र फूलको रुपमा फक्रिन्छ।
यही त्यो जीवन हो जो समुद्रको तरङ्गको रक्षाको लागि जीवन र मृत्यु, शुरु र पतन भएर स्थित छ।

यो जीवनको स्पर्शले मेरो तन-मनमा रोमाञ्च हुन्छ, अनि युगयुगान्तरदेखि नृत्यमा जुन थरथराहट लुकेको छ त्यसले मेरो रगत कामिरहेछ : यही अनुभवले मेरो मानसपट अभिमान भरिदिन्छ!

## अन्तिम लक्ष्य

तिम्रो उपहार हाम्रो माझ तर फेरि तिम्रैमा पुग्दछ, हाम्रा पूर्ण आवश्यकताहरु पूर्ति गरेर पूर्ण रुपमा फर्केर जान्छन्।

नदीका अनेकौं जल-धाराले हाम्रो खेत भिजिसकेपछि तिम्रो चरण धुन फर्केर जान्छन्।
फूलले आफ्नो सुवासनाले हावालाई सुगन्धित पार्दछन् तर यिनीहरुको पनि अन्तिम लक्ष्य तिमीमा अपित हुनु नै हो।

तिम्रो पूजाले संसारलाई दीन-दुःखी बनाउँदैन, तिम्रो भिक्षाले भिखारीलाई गरीब बनाउँदैन ।

कविको गतिमा सबै मानिसले आफ्ना-आफ्ना इच्छित भावनाका प्रतीक देख्दछन्,

तर उनको अन्तिम लक्ष्य केवल तिम्रो संकेत गर्दछ, तिम्रो संकेत नै गर्दछ ।

## बन्धन-छुटकारा

वैराग्य साधनमा ने मेरो मुक्ति छैन ।
माया-ममताका हजारौं बन्धनमा नै मलाई मुक्तिको आनन्द अनुभव हुन्छ !

म मेरो संसारका अगणित दीपकहरुलाई तिम्रो ज्वालामा बालिदिन्छु, अनि तिम्रो मन्दिरको यज्ञवेदीमा राखिदिन्छु !

होइन, म मेरा इन्द्रियहरुलाई अति संयम गरेर बन्द राख्दिनँ ।
मेरा दर्शन, श्रवण र स्पर्शमा तिम्रो आनन्द भरिएको हुनेछ !

मेरा सबै भ्रम आनन्द-यज्ञका समिधा नभईकन प्रकाशित हुनेछन् अनि मेरा सबै वासनाहरु प्रेम-फलका रुपमा परिपक्व हुनेछन् !

## पूर्ण अनुसंधान

जब सबै चीज नयाँ थिए, सृष्टिको नयाँ सृजना भएको थियो, ताराहरु नौलो कान्तिले चम्किरहेका थिए, त्यस वेला सबै देवता आकाशमा जम्मा भए । सबैले मिलेर गीत गाए, ‘अहो !कस्तो दिव्य पूर्णता छ,

संसारमा कस्तो पूर्णता छ !!'
यस्तै समयमा कहींबाट आवाज आयो, 'एउटा तारा कहाँ हरायो, ज्यातिपुञ्ज दीपकहरुका माला एक ठउँमा खसे । त्यो तारा कहाँ गयो ? '
देवतावर्गका वीणाका तार चूप भए । चारैतिरबाट विह्वल स्वरमा पुकार प्रतिध्वनि भयो, 'अहो !

## सेता मेघ

वसन्तकालीन व्यर्थ उडिरहेका मेघ-मालाहरु झैँ म पनि व्यर्थमा घुमफिर गरिरहेछु ।
मेरो सधैं प्रकाशित सूर्य ! तिम्रो स्पर्शले अहिलेसम्म यी जल-कण द्रवित भएका छैनन्, जसले गर्दा यमि कण तिम्रो उज्ज्वलता हराउँदैछन् । यसकारण, म अहिलेसम्म तिम्रो बिदाइमा समय-महिना, वर्ष, र सालहरुको गणना गरिरहेछु,
यिनिहरुको अन्त कहिले हुन्छ ?
यदि यही आकांक्षा तिम्रो छ, यही तिम्रो तमाशा हो भने, मेरो शून्यतामा रङ्गले पूर्ण गरिदेऊ, सुनले चम्काइदेऊ, बगिरहेका हावाबाट तारिदेऊ, र चारैतिर फैलाइदेऊ !
पुनः यदि तिमी चाहन्छौ भने, दिउँसोको खेल सकिउपछि, रातको आँध्यारोमा पग्लिएर बाफ बदिदिन्छु, अथवा प्रातःकालको हाँसो बनिदिन्छु वा निर्मल शीतका कण बनेर पृथ्वीमाथि खस्छु !

## बगैंचा

फुर्सदका दिनमा म धेरैपल्ट आफ्ना व्यर्थमा बितेका क्षणको निम्ति विह्वल भइसकेको छु । तर कहाँ अन्त हुन्छन् ती क्षण ? मेरा ईश्वर ! मेरा जीवनको प्रत्येक क्षण तिमीले आफ्ना हातमा लिएका छौ ।

हरेक वस्तुको भित्री भागमा बसेर, तिमीले त्यसलाई विकास गरिरहेछौ, बीउबाट बिरुवा, कोपिलाबाट फूल र फूलबाट फलको रुप दिइरहेछौ ।

थकित भईकन म आफ्नो ओछ्यानमा सुत्न गएको थिएँ, सोचेको थिएँ मेरा कामहरुको अन्त हुँदैन,

तर बिहान उठेर देखें मैले, सबै फूलहरु आफआफै फुलिसकेछन् । मेरो आश्चार्यको सीमा रहेन !

## अनन्त समय

ईश्वर ! तिम्रो हातमा अनन्त समय छ, तिम्रो समयका घडीहरु कसले गणना गर्ला र ?
अनगिन्ती रात-दिन एउटापछि अर्को आउँछ, जान्छ !
युग-युगान्तर बगैंचाका फूलहरु झैं फुल्छन्,अनि आइलिएर जान्छन् ।
तिमीलाई यसको चिन्ता छैन । तिम्रो प्रतीक्षामा अधीरता आउँदैन ।

एउटा जंगली फूललाई पूरा विकसित पानलाई तिमीले निकै शताब्दीका समय व्यतीत गरिसक्यौ ।
मसँग व्यर्थमा बिताउन एक क्षाण पनि छैन ।
छोटो समयले गर्दा मलाई मेरा काम सिद्धाउनलाई झटपट पारिरहेछ ।
म एक क्षण पनि ढीलो गर्न असमर्थ छु ।
यसकारण मेरो समय तीकलह गर्ने अवसरवादीपट्टि लाग्दा नै बितिसक्नेछ, जो मेरोसमयमाथि अधिकारी हुने धाक लाउँछन् ।
तिम्रो यज्ञ-वेदीआखिरीसक्क पूजाका अर्ध्य-नैव्द्यदेखि वञ्चित रहन्छ ।
दिवसान्तमा म अबेर हुन्छ भन्ने डरले अधीर हुन्छु, शंकालु हुन्छु कि तिम्रो मन्दिर-ढोका बन्द नहोओस्, तर आश्चार्य ! पूजाको लागि जति वेला पनि पूरा समय बाँकी रहेको हुन्छ ।

## मृत्यु-वन्दना

ईश्वर ! आज तिम्रो सन्देश लिएर मृत्यु मेरो ढोकामा आइपुगेको छ । उसले यहाँ आइपुग्नलाई अज्ञात सागरहरु तरेको छ । रात अँध्यारो छ, मेरो हृदय कमजोर छ, र पनि महातमा बत्ती लिएर आफ्ना ढोकाहरु खोल्छु, उसलाई निहुरिएर नमस्कार गर्छु, तिम्रोदूत मेरो
ढोकामा आइपुगेको छ !
हात जोडेर, आँखामा आँसु भरेर उसको पूजा गरुँला । उसको चरणमा मेरो हृदयको अनमोल कोष राखिदिउँला !
उ आफ्नो निर्दिष्ट कार्य गरेर फर्कन्छ, अनि त्यसपछि मेरो निर्जन झोपडीमा मेरो एक्लो 'अहं' नै तिमीलाई अन्तिम उपहार दिनाको लागि मसँग शेष रहनेछ !

## तलासी

हृदयमा उग्र आशा राखेर म आफ्नो घरको कुना-कुनामा उसलाई खोजिरहेछु, तर उसलाई भेटिनँ ।
मेरो सानो घर छ, जो यसको प्रणयमा फस्छ उ फेरि कहिले पनि भेटिंदैन ।

तिम्रो संसार यति ठूलो छ ! हो, उसलाई खोज्दा-खोज्दा म यहाँ तिम्रो ढोकासम्म पुग्दछु !

संध्याकाशको सुनौला मण्डपमनि म उभिएर अति उत्सुकतासाथ तिमीतिर हेरिरहन्छु द्व

यहाँ म अनन्त सागरको त्यो किनारमा पुग्दछु जहाँ केही पनि नष्ट हुँदैन । तर जहाँ आँसुका बाधामा आशा, आनन्द र संसारका सबै आएर अदेख हुन्छन् ।

नाथ ! मेरो रित्तो जविनलाई त्यो सागरमा राम्ररी डुबाइदेऊ ! एकचोटि फेरि म संसारको त्यो व्यापक आत्माको मधुर स्पर्श गर्नपाऊँ !

## भत्केको-मन्दिर

हे भत्केको मन्दिरका देवता ! वीणाका विभिन्न तारहरुले अब तिम्रो जय-गन गाउँदैनन् ! साँझका घण्टीहरुले तिम्रो आरती गर्ने चिन्ह देखाउँदैनन् । तिम्रो छेउको हावा स्थिर र मौन छ ।
तिम्रो भत्केको कुटीमा वसन्तको हावा आउँदछ । हावामा फूलहरुको सुगन्ध भरिएको हुन्छ । तर यमि फूल तिम्रो नैवेद्य बन्दैनन् ।
तिम्रो पुरानो भक्त अझ पनि तिम्रो पूजा गर्ने आकांक्षा राखेर व्यर्थ आउँछ, अनि फर्कन्छ । बेलुकीपख जब बत्तीको उज्याले धूलोमा मिश्रित हुन्दछ, त्यो थकित-असहाय भक्त हृदयमा असार अतृप्ति लुकाएर, यो भत्केको मन्दिरमा आउँदछ ।

हे भत्केको अन्दिरका देवता !कतिपय उत्सवहरु धूमधाम नभईकन आउँछन् पनि कतिपय पूजामा राती बत्ती नबालीकन जान्छन् !
निपसण कलाकारहरुले धेरै नयाँ मूर्ति बनाउँछन् जो समय आनासाथ अज्ञात पवित्र धारामा बगाइन्छन् !
केवल भत्केको मन्दिरका देवता यो अनन्त उपेक्षा र अपूजित रहन्छ !

## अवशेष

म जान्दछु, त्यो दिन पनि आउनेछ जुन वेला आँखाअगाडि पृथ्वी अदेख हुनेछ अनि आँखामा आखिरी पर्दा लगाएर प्राण चुपचाप यो पिंजरादेखि उडिजान्छ !

त्यस वेला पनि ताराहरु राती चम्किन्छन् अनि बिहान सूर्योदय हुन्छ !

समुद्रका छालाहरुझैं समयको घडी कहिले तल हुन्छ
अनि त्यसबाट सुख दुःखका लामा सास निस्कन्छन् !
जब म जीवनको घडीको यो अन्तको कल्पना गर्दछु त्यस वेला
सिमाना चकनाचुर हुन्छन्, म मृत्युको प्रकाशमा तिम्रो संसारमा
छरपुष्ट भएका धन-राशिको नयाँ रुप देख्दछु। यसले नीचभन्दा
नीच, सानोभन्दा सानो ठाउँमा पनि आश्चार्य देखाउँछ।
मेरो इच्छाको संसार र मेरा हातमा परेका जगत्को कोष सबै एक
एकवटा मेरो अगाडि भएर जान्छन् जाउन् ! मसँग त्यही शेष
रहोस् जुनचाहिं मैले तिरस्कार गरेको छु अनि जुनचाहिं पाउनलाई
सधैं तिन्तित भएको थिएँ !

## सफरको अन्त

साथीहरुहो ! बिदाइको यो वेलामा मेरो लागि मंगल-कामना गर !
आकाशमा प्रभातको रश्मि छ, अनि मेरो बाटो बडो रमाइलो छ।
यो नसोध मैले आफूसँग के कति सामग्री बोकेर हिंडेको छु।
रित्ता हात, तर आशापूर्ण हृदय लिएर मैले सफर प्रारम्भ
गरेको छु।
मेरो विवाहको मंगल वस्त्र लाएर (लगाएर) म हिंड्छु, सफरको
लागि साधारण रातो-खाकीको पहिरन छैन। बाटोमा झमेलाहरु
छन्, तर पनि म साहसी छु।
सफरको अन्तमा ताराले मेरो स्वागत गर्दछन्, अनि राज-ढोकामा
बेलुकीको शहनाईले मेरो सत्कार-स्वगत गर्दछ !

## बिदा

जाने बिदा पाएसकें।
शुभ कामना गर, मेरा साथीहरुहो !
नमस्कार गरेर तिमीहरुसँग म बिदाइ चाहन्छु।

अन्तिम बिदा !
यो लेऊ मेरो ढोकाको ताल्चा : यो घरमा अब मेरो केही अस्तित्व छैन । बिदाइको दुइ शब्दभन्दा बेसी तिमीसँग अरु केही माग्दिनँ ।

लामो अवधि हामीले एकसाथ बितायौं । मैले तिमीलाई थोरै दिएँ, बेसी लिएँ । अब नयाँ दिन उदय भएको छ, मेरो अँध्यारोमा बलिरहेको बत्ती निभिसकेको छ ।

मलाई टाढाबाट निमन्त्रण आएको छ :
प्रस्थान गर्न अब म तयार छु :
बिदा !

## सवसर्जन

अब यमि सबै व्यर्थ छन्, निष्प्रयोजन छन् !
समय आइपुग्यो यमि सबै विसर्जन गरिदिन्छु :
जान्दछु-तिम्रा हातमा यमि सबै एक्कसि परेकाछन् ।
जो गर्नु छ त्यो पनि साह्रै ढीलो हुनेछन् ।
यसकारण हे मेरो हृदय ! चुपचाप आफ्नो हार स्वीकार गर,
जुन पदको मान तिमीले पाएका छौ त्यसैमा सन्तोष मान ।
जो छैन, त्यसको आकांक्षा पनि छोडिदेऊ ।
मेरो बत्ती हावाको झोक्काले पनि निभ्नसक्छ ।
त्यसलाई पुनः बाल्ने चिन्तामा भैलेअरु सारा काम वारंवार  भुल्छु ।
यसपल्टम होशियाचर रहन्छु, भूइँमा गुन्द्री ओछयाएर अँध्यारोमा
म एक्लै सन्तोष भई बस्छु ।
प्रियवर ! जब तिमीलाई मन पर्छ, चुपचाप आऊ र मसँग बस ।

## अज्ञात

मअभिमान गर्थैं, किनकि म तिमीलाई चिन्दछु !
मेरा सबै रचनाहरुमा मानिसहरुले तिम्रो प्रतिरुप देख्दछन् ।
यहाँ आएर उनीहरु सोध्दछन्, 'यो को हो ?'
म मौन हुन्छु । ' कसले जान्दछ' यही भनिदिन्छु ।
उनीहरुले मलाई मीठो-नमीठो भन्छन्, उपेक्षा गर्दै मुख अर्कोपट्टि फर्काएर जान्छन् ।

तिम्रो प्रतिरुप हाँसिरहन्छ !
तिम्रो कथालाई अमर गीतले बाँध्छु । मेरो हृदयको झरनासँग तिम्रा गीत स्वतः बगिरहन्छन् ।
उनीहरु आएर सोध्छन्, 'यमि गीतका के अर्थ छन् ?"
उनीहरुलाई के भनूँ ! यही भनिदिन्छु, 'कसले जान्दछ र ! के अर्थ छ यिनीहरुको ?'
उनीहरु उपेक्षा गर्दै मुख अर्कोपट्टि फर्काएर जान्छन् । निमी मुसुमुसु हाँस्दै बसिरहन्छौ !

## दिनहुँ

प्राणेश्वर ! के म दिन-दिनै तिम्रो सामुन्ने आउनुपर्छ ! दिन-दिनै हात बाँधेर तिम्रो अगाडि उभिनेपर्छ !
यो सुनसान नीरव आकाशको मनि के यसरी नै शिर निहुराएर उभिरहूँ ?
यो कर्म-प्रधान संसारमा, श्रम र संघर्षका कोलाहल र दौडिरहेका मानिसका-जमघटमा, के म दिन-दिनै शिर निहुराएर तिम्रो अगाडि उभिरहूँ ?
जब मेरो काम शेष हुनेछ, त्येस वेला पनि मलाई यो सूनसान नीरव आकाशको मनि यसरी नै तिम्रो सामुन्ने उभिरहनुपर्छ ?

## झीनो स्वर

मेरो ईश्वर ! तिम्रो यही कामना छ कि मठूलो स्वरमा आह्वान नगरुँ । अबदेखि मैले सबै मधूरो स्वरमा गाउनुपर्नेछ । मेरो हृदयका व्यथाहरु गीतका झङ्कारमा प्रकट हुनेछन् !
प्रजाहर राजाका बजारमा दैडिरहेका छन् । त्यहाँ सबै वस्तुका व्यापारी आएका छन् । किन-बेच भइरहेछ, तर दिउँसोको चंचलतामा, आफ्नो काम पूरा नगरी मैले हात झिकिहालें ।

अझै किन अवेलामा मेरो बगैंचामा फूल फुल्दैनन् अनि किन अवेलामा मौरहिरुले आफ्ना मीठा राग शुरु गर्दैनन् !
राम्रा-नराम्राको नाप-जोखमा नै मेरो जीवनको सबै उमेर बित्यो । मेरो फुर्सतको साथीको इच्छा छ म उसित खेलूँ । थाह छैन, कुन अनावश्यक कामको लागि मलाई बोलाएको होला ?

## ब्रह्ममाया

म आफ्नो महत्व बढाउनसकूँ, यसलाई चारैतिर फैलाउँदै, यसको संगीन छाया तिम्रो उज्ज्वल ज्यात्स्नामा अंकित होओस्: यही तिम्रो माया छ ।

तिमी आफआफै स्वत: भाग भागमा विभक्त गर्दछौ, अनि ती विभिन्न रुपलाई कतिपय नाम दिन्छौ । तिम्रो यो स्वयं विभाजनको एउटा रुप मेरो तन हो ।

तिम्रो तीव्र गीतका ध्वनिहरु आकाशका विविध रंगका अश्रुकणहरुमा प्रतिध्वनित भइरहेछन्, त्यही ध्वनिहर विधिन्न रुपका हाँसो, भय,र आशाका रुपमा प्रकट हुन्छन् ! तरङ्ग उठ्छन् अनि हराउँछन्, सपनाबन्दछन्, र चकनाचूर हुन्छन्, ममा तिम्रो जयपराजय

दुवैका प्रतिबिम्ब परेका छन् ।

जो आवरण तिमीले यो संसारको नाटयशालामा लगाएका छौ,
त्यमिा दिन र रातका तूलिकाद्वारा असंख्य चित्र बनेका छन् ।
यसको पछाडि तिम्रो सिंहासन छ, जो आश्चर्यपूर्ण बाङ्गा-टेढा
रहस्यका तनाइ-बुनाइले बनेको छ, जसमा एउटा पनि सोझो
रेखा छैन ।

सारा आकाश तिम्रो मेरो महान् प्रदर्शनीले ढाकिएको छ ।
तिम्रो मेरो राग-तानले सम्पूर्ण देवलोक प्रतिध्वनित भइरहेछ,
तिम्रो-मेरो लुकामारीमले युग-युगान्तर बित्नेछन् !

## अनुग्रह प्रतिबिम्ब

तिम्रो सूर्य-रश्मि आफ्नो अधिकार फैलाउँदै मेरो यो पृथ्वीमा झर्दछ,
अनि मेरा आँसु, उच्छ्वास, र गीतहरुले बनेका बादललाई तिम्रो
चरणमा लजो कोशिशको लागि मेरो ढोकामा उभिरहन्छ !
तिमी उमंगले आफ्ना तारागणले भरिएको वक्षमाथि धमिला
बादलका धुस्साले ढाक्दछौ, त्यसलाई कति रुप र आवरणमा
बदल्छौ, अनि त्यसलाई प्रतिक्षण परिवर्तन गर्ने कान्तिमा
रंगाइरहन्छौ !
तिम्रो त्यो धुस्सा साह्रै हलुङ्गो अश्रु-स्निग्ध र चित्ताकर्ष रंगको छ,
त्यसकारण तिमीले यसलाई माया गर्दछौ । यसै कारणले गर्दा ने
तिम्रो अति स्वच्छ उज्ज्वल प्रकाशलाई आफ्ना अनुग्रह प्रतिबिम्बले
ढाकिदिन्छ !

# प्यारो संझना

मैले तिमीसँग केही मागेको छैन, मेरो नाउँसम्म तिम्रो कानमा परेको छैन ।

जब तिम्रो बिदाइको वेला भएको थियो, म त्यस क्षणमा मंत्रमुग्ध भएर टुलुटुलु हेरिरहेको थिएँ । त्यस वेला तलाउनिर म एक्लै थिएँ । रुखको छाया तलाउ माथि परेको थियो । पानी भर्न जानेहरु माटाका गाग्रामा पानी भरेर घर-घर फर्किसकेका थिए । फर्कँदा उनीहरुले मलाई भनेका थिए, 'हामीसँग हिंड, साँझ परिरहेछ ।' तर म मेरा अस्पष्ट गीत गाउँदै(उहीं) त्यहाँ उभिबसें ।
जब तिमी आयौ मैले तिम्रो पैतालाको आवाज सुनिनँ । तिम्रो आँखा जुन वेला मेरा आँखासँग जुझे त्यसमा विषाद भरिएको थियो, तिम्रो बोलीमा थकावट थियो, र तिमीले भनेका थियौ, 'अहो' ! म ता ज्यादै तिर्खाएको छु ।' म दिवास्वप्नबाट जागा भईकन उठ, आफ्नो गाग्रीबाट तिम्रा हातमा स्वच्छ जल हालें । त्यस वेला रुखका पातहरु फर्फर् ध्वनि गरिरहेका थिए, कोइली अदृष्य अन्धकारमा को हो को हो भनिरहेकी थिई, अनि गोरेटोको छेउका बिरुवाबाट फूलका सुगन्ध फैलिए !
जब तिमीले मेरो नाउँ सोध्यौ म लाजले गर्दा चूप बसें ।
मैले यस्तो कुन काम उपकारका काम गरेको थिएँ, र संझनाका लागि मेरो नाउँ सोध्छौ ? अँ, तिम्रो तिर्खा मेट्नलाई म पानी दिन सकुँला : यहा प्यारो संझना मेरो हृदयमा रहनेछ, अनि जीवनका क्षण झन् प्यारा बन्नेछन् ।
तब प्रातःकालका घडी बिस्तार-बिस्तार बित्नेछन्, पक्षीहरु थकित स्वरमा कराउन थाल्नेछन अनि नीमका पातहरु हल्लँदै आलस्य नशाका असर पर्नेछन्, म एक्ल बसिरहन्छु केही विचार्दै :
केही बेर, भरै समयसमम केही विचार गरिरहन्छु ।

## प्रकाश-श्रोत

प्रकाश, मेरो प्रकाश, विश्व-व्यापी प्रकाश, सुन्दर प्रकाश, हृदयप्यारो प्रकाश !

यही प्रकाश नै मेरो जीवनको केन्द्र-बिन्दुमा नाच्दछ, यो प्रकाशले मो प्रेमका तार झंकृत पार्दछ, तब आकाशका ढोका खुल्छन्, हावा जोरसित बहन्छ, अनि पृथ्वीको हाँसो संसारका कण- कणमा मिसिन्छ !
पुतलीहरु प्रकाशमय नीलो पानीमाथि आफ्ना पखेटाले पौडिन्छन् ।
लिली र जूहीका कोपिलाहरु उज्ज्वल-तरङ्गका शिखरमा फक्रन्छन् ।
यही प्रकाशले प्रत्येक बादलको स्वर्णिम कान्तिलाई रङ्गाइदिन्छ,
यही प्रकाशले असंख्य मोतीलाई छरपुष्ट परिदिन्छ ।
त्यस वेला पातहरुमा उल्लास छाउँदछ, तथा अति आनन्दको लहर दौडन्छ ।
स्वर्गका प्रकाश-स्रोतले वरिपरिका किनारलाई डुबाइदिए, तथा त्यसका असार जल-प्रवाह चारैतिर फैलिएका छन् !

## चुरा

असंख्य तार र विविध रंगका रत्नले जडिएका तिम्रा चुरा कति सुन्दर छन् ! तर मलाईचाहिं तिम्रो तरवार नै औधि सुन्दर लाग्छ, जसको धार बिजुली झैं तेज, र विष्णुका दिव्य वाहन गरुडका पखेटाहरु, जो सूर्यास्तका किरणमा यति सुन्दरतासँग सजाइएका छन्, बाँकी रहेका छन् !

यो तरवार मृत्युको अन्तिम चोटमा जीवनको मधुर वेदना झैं काम्दछ, र त्यो आत्मिक ज्वाला झैं पवित्र, छ जो एकपल्टमा नै पार्थिव अस्थि-मज्जालाई भस्म पारिदिन्छ !

तिम्रा चुरा साँच्चै अति सुन्दर छन् ! तर स्वर्गलोकका स्वमी ! तिम्रो तरवार अलौकिक सौन्दर्यको अतुलनीय प्रतीक छ, जसलाई देख्दा मात्र होइन विचार गर्दा आत्मा पनि काम्दछु !

## फूलको माला होइन, तरवार

मन मनमा सोचें तिमीलाई तिम्रो फूलको माला माँगु : तर मुखबाट शब्द निस्केन, साहस भएन । त्यसकारण रातभर प्रतिक्षा गरिरहें, तिमी गएपछि तिम्रो ओछयानमाथि छरपुष्ट भएका फूललाई संग्रह गरुँला ! मिरमिरे उज्यालो भएपछि म भिखारी झैं आशान्वित भएर त्यहाँ पुगें, देखें त्यहाँ फूलको माला थिएन, फूल थिएन, केवल एक-दुइवटा डाँठ छरपुष्ट थिए !

अनि, आश्चार्य ! यो के हो ? तिम्रो प्रेमको यो कस्तो प्रतिरुप ? यो पुष्प पनि होइन, कोपिला पनि होइन, यो कुनै महक पनि होइन । यो ता तिम्रो तेजिलो तरवार हो, जसमा आगोको ज्वाला र बिजुलीको शक्ति भरिएको छ । बिहानको पहिलो किरण झ्यालबाट छिरेर तिम्रो ओछयानमाथि फिजिएको थियो । प्रभात संगीत गाउँदै पक्षीहरुले सोधिरहेका थिए, 'सुन्दरी ! तिमीले के चिन्ह पायौ ?' अहँ, यो फूल पनि होइन, कोपिला पनि होइन अनि यो कुनै महक पनि होइन ।

आश्चार्ययुक्त म सोचिरहेछु, 'यो कस्तो प्रेमोपहार हो । ' यसलाई कहाँ राखुँ ? यसलाई लाउँदा लाज लाग्छ । यस्ती अबला छु म यसको पक्ष स्पर्शले नै मलाई व्यथा हुन्छ । तर तिम्रो यो व्यथा दिने प्रेमचिन्हलाई म सहन्छु ।

अब मलाई यो संसारमा केहीको पनि भय लाग्दैन । यो जीवन संघर्षमा अब विजय-विजय मात्र छ । मृत्युको यो संवादिका मेरी

जीवन साथी बन्छे । म यसलाई जीवनका अलंकारहरुलाई त्यागिदिनेछु मेरा
हृदय-देवता !अब म अँध्यारे कुनामा बसेर रुँदै प्रतीक्षा गर्दिन,
अब म व्यर्थमा मीठा शब्दले प्रशंसा-गीत गाउँदिनँ । तिम्रो तरवार
नै मेरो सर्वोच्च पोशाक हुनेछ । आडम्बर अलंकारलाई अब म
राम्ररी नै त्यागिदिनेछु ।

## अतिथि

रातको अन्धका बढिसकेको थियो । हाम्रो दिनभरीका सबै काम
गरिसकेका थियौं । हामीले विचार्‍यौं, आउने जति अतिथिहरु
आइसके, गाउँको मूल ढोका बन्द गरियो । केवल केही मानिसले
भने,'अहिले राजाको सवारी हुनेछ ।'
हामी हाँस्यौं, 'अहँ, यो कदापि होइन । '
पुनः शायद ढोकामा मधुरो आवाज आयो,
हामीले सम्झ्यौं : हावाको ध्वनि होला ।
बत्ती निभाएर हामी सुत्यौं । केवल केही मानिसले भने, 'यमि राजदूत
हुन् !'

हामी हाँस्यौं, 'अहँ, यो हावाको ध्वनि हो ।'
पुनः आधा रातको नीरवतामा एउटा आवाज आयो । सुती-सुती
सम्झ्यौं, यो पनि त्यही बादलको टाढाबाट आएको गर्जन हो ।
पृथ्वी कामिन्, पर्खाल हल्लिए, हाम्रो निद्रामा बाधा आए ।' केही
मानिसले भने, 'यो राजाका रथको आवाज हो ।' हामीले अल्छीलाग्दो
स्वरमा भन्यौं, 'अहँ, यो ता केवल बादलको गर्जन मात्र हो ।'
रात बितिसकेको थिएन, तुरही बज्यो । आवाज आयो, 'उठ, ढीलो
नगर ।' हामी डरले काम्दै मुटु समात्न खोज्यौं । केही मानिसले भने,
'उता हेर, राजाको रथ-ध्वजा आकाशमा फरफराइरहेछ ।'
हामी तर्सिएर उभियौं, र भन्यौं, 'वेला छैन, ढिलो नगर !'
राजाको सवारी भइसकेको थियो, तर पूजाको बत्ती कहाँ थियो र ?
उनको सिंहासन कहाँ थियो ? उनको स्वगतार्थ सुविशाल मञ्च

कहाँ थियो ? केही मानिसले भने, 'यो व्याकुलता व्यर्थ छ, उनलाई रित्ता हातले प्रणाम गर, उनलाई आफ्ना शून्य घरमा आशंकाविना लैजाऊ !'

'ढोका खोलिदेऊ, स्वगतार्थ शंखलाई जोरसित फुक । आफ्ना राजालाई, जो रातको निष्पट्ट अँध्यारोमा आएका छन्, उनलाई आफ्ना अँध्यारो घरमा सुस्वागत गर । आकाशमा बिजुली चम्किरहेछ, अन्धकार विद्युत्-प्रकाशमा कामिरहेछ । यस्तो वेलामा आफ्ना फाटेका पुराना गुन्द्री ल्याएर आँगनमा ओछयाइदेऊ ।' हाम्रा अँध्यारोका राजा अपर्झट आँधी-बेहरीका साथ आएका छन् !

## कञ्जूस

म त्यस वेला गाउँको ढोका-ढोकामा भिक्षा मागिरहेथें, जब तिम्रो स्वर्ण-रथ टाढामा देखिन थाल्यो, कुन रमाइलो सपना देखेझैं लाग्यो । मलाई आश्चार्यको सीमा रहेन कि यो राजाहरुका राजा को हुन जो यहाँ आइरहेका थिए ?
मेरा आशाहरुले टाउको उठाए, विचारें शायद मेरा दुर्भाग्यका क्षण शेष भए । म यहीं उभिरहें, अनि विचार्न थालें, कहिले रथको धुलामा स्वर्ण-छाप खस्ला, अनि कहिले राजाका हातद्वारा भिखारीका झोला भरिएलान् !
त्यो रथ एक्कासि त्यहीं रोकियो जहाँ म उभिरहेको थिएँ । तिम्रो आँखा मेरासँग जुझे, तिमी मुसुमुसु हाँस्दै रथबाट तल ओर्ल्यौ । मैले सम्झें, मेरो भाग्य-सूर्य अब उदय भइहाल्नेछ । त्यसपछि तिमीले मेरो नजीकमा आएर देब्रे हात अघि बढाउँदै भन्यौ,
'मलाई दिन ल्याएको चीज के छ, देऊ ।'
कस्तो अनौठो उपहास थियो ! राजाले भिखारिको अघि आएर भिक्षा माग्न हात बढाए । म केही क्षण आश्चार्यान्वित भएर उभिँदै हेरिरहें, अनि झोलाबाट चामलका साना-वसाना कनिका झिकेर तिम्रो हातमा राखिदिएँ ।
तर मलाई आश्चार्यको सीमा रहेन, जब दिन बित्यो मैले मेरो

झोला रित्तो पारिसकेको थिएँ । मेरो झोलामा रहेका चामलका कनिकासँग एक टुक्रा सुन पनि थियो ।
म रुन थलें, साह्रै रुन थालें । जे जथि मेरो झोलामा थिए, ती सबै तिमीलाई किन मैले  दिइनँ !

## लामो यात्रा

मौन प्रभात-सागरलाई पक्षीवर्गका संगतिको आवाजले सजीव पारे, बाटाका फूलहरु चिन्तित भएर फुटे, सुनौला कण क्षितिजमा यता-उता गर्दै बाखलहरुसँग मिलेः तर हामी व्यस्त भावमा अघि बढिरह्यौं ।

हामीले न गीत गायौं, न मंगल-वाद्य बजायौं, न हामीहरु गाउँको मेलामा चीज-बीज किन्न गयौं, न हामीले एक शब्द बोल्यौं, न हाँस्यौं, क्षणभरुको लागि भए तापनि हामीले विश्राम गरेनौं। आफ्ना कदम र जोश लिएर हामी अघि बढिरह्यौ ।

अन्तमा, सूर्य मध्य-आकाशमा आए । परेवाले स्याँहालमा आश्रय लिए । मध्यान्हको लुले रुखकासुकेकापात फरफरगर्नथाले । गोठाला ठूलारुखका छहारीमा सुतेर मस्त निद्रामा सुन्दर सपना देख्न थाले । म पनि पो्खरीको नजीक घाँस-माथि खुट्टा फिँजाएर सुतें ।

मेरो साथीले मलाई हेला गर्न थाल्या । गर्वसँग टाउको ठाडो उठाएर उ अघि हिंड्न थाल्यो । पछि फर्केर हेर्दै हेरेन । हिंड्दा-हिंड्दै उ नीलाकाशको नीलिमामा अदेख भयो, असंख्य पहाड-पर्वत र टाढा-टाढाका अनौठा देश परिभ्रमण गऱ्यो । तर म यही घाँसमाथि एक्ल सुतिरहें ।
आत्म-ग्लानि र जनअपवादले मलाई कतिपल्छट घोचेर उठाउने कोशिश गरे, तर ममा कुनै प्रभाव परेन । अन्तमा, मैले उपहारको सुखद गहिराइमा, र त्यो धमिलो, आकाशको छायामा आफैँलाई हराइहालें ।

त्यसपछि, सूर्यका किरणमा अलंकृत हरिया उदासीले मेरो हृदयमा छुन शुरु गरे । मैले यो पनि भुलिसकेको थिए कि किन म यो यात्रा प्रारम्भ गरिरहेंछु । अन्तमा, छायामय गतिका रहस्यमूर्तिको अघाडी मैले सर्वस्व अर्पण गरिदिएँ !
अन्तमा, जब निद्राबाट बिउँझे अनि आँखा खोले, मेले तिमीलाई आफ्नो नजीकमा पाएँ । तिमीले नै मेरो निद्राको शून्यतामा आफ्नो हाँसोले भरिरहेको थिएँ । किन हो कुन्नी म व्यर्थमा डराइरहेको थिएँ कि यो यात्रा लामो र थकित पार्ने होला, र तिम्रो सामुन्ने पुग्नका निम्ति कठिन संघर्ष गर्नुपर्ला !

## पहिलो किरण

उसको प्रतिक्षा गर्दा-गर्दै सारा रात बित्यो ।

अब प्रभातको समय आयो । यस्तो चाहिं नहोस् कि म सुतेपछि उ मेरो ढोकामा आइपुग्ला । साथी, मेरो ढोकाको आग्लो खुला राख्नू :उ आउँदा नरोक्नू ।

उसका पैतालाका आवाजले यदि मेरो निद्रा बिगारेन भने, मलाई तिमीले नबिउँझानउनू । म प्रभातमा पक्षीवर्गका संगीत अथवा सूर्योदयको उत्सवमा हर्षित भएर तर्सिएर उठ्दिनँ । मलाई सुत्न देऊ । यदि मेरा ईश्वर पनि अपर्झट ढोकामा आए भने पनि , मलाई सुखद निद्राबाट नउठाउनू : सुत्नदेऊ !

मेरो निद्रा, मेरो अनमोल निद्रा, केवल उसको स्पर्श पाउनासाथ अन्तर्हित हुने प्रतीक्षा गरिरहेछ । मेरा बन्द आँखाका परेला केवल उसको मुस्कुराहटको स्पर्श पाउने आकांक्षाले खुल्दछन् । उ मेरो अगाडि आउँछ : जसरी कुनै स्वप्न मस्त निद्राबाट फुटेर बाहिर निस्कन्छ ।
उसलाई आउनदेऊ,मेरा आँखाका अघि साकार हुनदेऊ, जसरी सृष्टिको पहिलो किराण निस्क्यो, प्रकृतिका पहिलो रुप सामुन्ने

आयो ! मेरो जीउँदो आत्माको पहिलो रोमांचले उसको दर्शन पाओस् : यही मेरो इच्छ्या छ !
वास्तविक चेतानमा फर्की आउनु मेरो निम्ति ईश्वरकोमा फर्की जानु हुनेछ : यही मेरो अभिप्राय छ !

## अमरताको छाप

त्यस्तो दिन पनि थियो,मतिम्रो सत्कार गर्नलाई बेसीजस्तो चञ्चल हुन्थें । तिमीले अपर्भ्कट, अपरिचित, र अनिमन्त्रित एक साधारण मानिसको रुप-आकारमा, मेरो हृदयमा प्रवेश गर्‍यौ । यहाँ आएपछि तिमीले मेरो जीवनका कतिपय अईश्वरीय क्षणहरुमाथि अमरताको छाप लगाइदियौ ।

आज, जब एक्कासि तिनीमाथि उज्ज्वलता परे, मेरो दृष्टिपात भयो, र मैले देख अमरताद्वारा अंकित ती दिव्य क्षण, मेरो जीवनमा-पर्खालमा हर्ष-विषादका विस्मृत स्मउतिका साथ धूलामा छरपुष्ट भएका छन् !

तिमीले मलाई धूलामा, खेल्दै गरेको देखेर घृणाले चेहरा फर्काएनौ । तिमी मेरोमा आउर्रा गयौ : म तिम्रो पद-ध्वनि सुनिरहें । धूलमा खेल्दा मैले त्यो दिन तिम्रो पदको आवाज सुनेको थिएँ, त्यही आज संसारका कण-कण, आकाशका तारागणबाट प्रतिध्वनित भइरहेछ !

## मिलन-आशा

यसैमा मलाई आनन्द आउँदछ :
म तिम्रो प्रतीक्षा गरिरहूँ, अनि एकोहोरो हेरिरहूँ त्यो बाटोको, जहाँ छाया प्रकाशको अनुगामिनी छ, अनि वर्षा-ग्रीष्मको अनुचर बन्दछ । अब आकाशदेखि सन्देश लयाउने दूतहरु त्यो बाटोमा आएर मलाई अभिनन्दन चढाउँछन्,अनि वेगसँग उडेर जान्छन् । मेरा हृदय हर्षले भरिन्छ, र्रा मलाई छुँदै बहने हावाले मीठा सास छोड्दै जान्छ ।

तिम्रो ढोकामा सूर्योदयदेखि संध्यासम्म यही आशा लिएर बसिरहन्छु कि अहिले नै त्यो दिव्य क्षण आओस्, त्यस वेला तिमीसँग व्यक्तिगत परिचय होला !
त्यही वेलाको शुभागमनको निम्ति म एक्लै कहिले हाँस्छु : कहिले गाउँदछु । अहिले नहेर, मेरो वरपरका हावा मिलनको सुवासित आशाले भरिएका छन् !

## मधुर स्वप्न

प्रियतम ! त्यहाँ सबै भन्दा पछि बसेर, त्यो अँध्यारो छायाको आडमा किन उभिरहेछौ ? तिनीहरुले तिमीलाई धूलाले पूर्ण बाटामा मिल्काइदिन्छन्, अघि बढ्छन् । म तिम्रो पूजा गर्नलाई पुष्प-पात्र लिएर यहाँ कहिलेदेखि प्रतीक्षा गर्दै बसिरहेछु ! यात्रीहर आउँछन् र मेरो पुष्प-पात्रबाट एक-एक फूल रोज्दै लान्छन् । मेरो पुष्प-पात्र रित्तो भएको छ !

प्रभातको समय बितिसक्यो, मध्यान्ह पनि बित्यो । संध्याको छायामा मेरा परेला निद्राले झुल्न थाले । घर फर्किरहेका मानिसहरुले मतिर हेर्छन् अनि व्यंग्यको हाँसो हाँसिदिन्छन् । म लाजले शिर निहुराउँदछु । म यहाँ एउटी भिक्षु-ठिटीझैं दरिद्रताको पछ्यौराले चेहरा ढाकेर बस्दछु । मानिसहरुले सोद्धछन्, ‘के चाहिन्छ ?’
म चुपचाप शिर निहुराउँछु, जवाफ दिन्न ।

हरे !मैले उसलाई ‘म तिम्रो प्रतीक्षा गर्न यहाँ बसिरहेछु’ पनि भन्न पाइनँ, ‘तिमीले आउने बचन दिएका थियौ ।’यसो सुनाउँदा मलाई लाज लाग्दछ, यो दरिद्रताले भरिएको झोला मैले बादशाहका सत्कारको लागि राखेको छु । हरे ! यो गौरवलाई म मेरो हृदयमा, अन्तरलमा लुकाएर राख्नेछु ।
आज यी हरिया घांसका मैदानमा बसेर आकाशतिर एकोहोरो हेरिरहेछु अनि तिमी एक्कासि आइपुगेकोमा यमि सपनाले मन खुशी पारिरहेछु : सारा दीपक झिलिमिली भए, तिम्रो रथको स्वर्णध्वजा

फरफरायो, आफ्नो रथबाट ओह्र्लेर तिमीले मलाई धूला-मैला टारबाट उठाएर रथमा राख्यौ :फाटेका लुगा लगाउने, मलिन, अभिमान र लाजले काम्दै गरेकी भिक्षु-ठिटीलाई आफ्नो आँचलले छोपिदियौ, यस्तो देखेर मानिसहरु चूप भए । तर यो स्वप्न, स्वप्न नै रह्यो । समय बित्दै गयो । तिम्रो रथका पांग्राका शब्द पनि सुनिएन । बाटामा सहस्र जुलूस जय-जयकारका युद्ध-कोलाहल गर्दै गए । केवल तिमी मात्र तिमीहरुका छायाका सबभन्दा पछाडि भउर आफ्ना आँसुहरुमा हृदयको व्यथालाई धोई-पखाल्नुलाई बसिरहेको छु !

## करुणाधन

हे करुणाधन ! मेरा ईश्वर ! मेरो हृदय बाँझो भएको छ । कति वर्षदेखि यहाँ बादल आएनन् । क्षितिजको नांगो रुप अति भयानक भएको छ । कहिं पनि हलुङ्गो बाखल फैलिएको आँखाले देखिंदैन । कहिले-काहि दुइ-चार थोपा पानी पर्ने लक्षणसम्म पनि देखिंदैन ।

्यदि तिमीलाई मन लाग्छ भने मृत्यु झैं कालो डरलाग्दो आँधीबेहरी चलाइदेऊ । ईश्वर ! यो निष्ठुर गर्मीले हृदयलाई नैराश्य-चोटमा छोपिरहेछ, यसकारण तिमीले तिम्रोमा बोलाऊ !

आफ्ना करुणाका सजल बादलका मनि निहुराइदेऊ ईश्वर ! जसरी पिताका क्रोधपूर्ण आँखा देख्दा शिशुको रक्षा गर्नलाई माताले आफ्ना सजल आँखा तल निहुराउँछिन् !

## दिव्य स्वातन्त्र्य

जहाँ हृदयमा निर्भयता हुन्छ अनि शिर अन्यायको सामुन्ने निहुरिंदैन,

जहाँ ज्ञानको मोल छैन,

जहाँ संसार घरका संकीर्ण पर्खालमा खण्डित अनि विभाजित भएको छैन,
जहाँ शब्दहरुको उत्पति केवल सत्यको खगा धारामा हुन्छ, जहाँ अनर्थक उद्योग पूर्णताको बाहुपाशका निम्ति भुजा फैलाउँछ,
जहाँ विवेकको निर्मल स्रोत पुरातन रुढीवादका मरुभूमिमा सुकेर आदेश भए,
जहाँ मन तिम्रो नेतृत्वमा सदैव उत्तरोत्तर विस्तीर्ण हुने विचार, र कर्ममा एकचित्त लागिरहन्छ,
ईश्वर त्यो दिव्य स्वाधीनताको प्रकाशमा मेरो देश जागोस् !

## प्रहार गर

मेरो यही भावना छ : ईश्वर ! प्रहार गर, प्रहार गर, मेरो दिनताको मुलमाथि मेरो हृदय प्रहार गर !
शक्ति देऊ, म सुख-दुःखका चोट समानरुपले सहन सकूँ !
शक्ति देऊ, म मेरो प्रेम सेवामा पुष्पित पार्न सकूँ !
शक्ति देऊ, म दुवैलाई स्वीकार गरुँ अति निष्ठुर अस्तित्वको अगाडि कहिले शिर ननिहुराऊँ !
शक्ति देऊ, म सधैंका सानातिना संघर्षले आफ्नो मनलाई कोमल नपारुँ !
शक्ति देऊ, म तिम्रा आज्ञाको अघि आफ्नो अस्तित्वलाई प्रेमपूर्वक समर्पित गर्न सकूँ !

## संकल्प

प्राणका प्राण ! म मेरो देहलाई चोखो राख्छु, किनकि मेरा अंग-प्रत्यंगमा तिम्रो स्पर्श भएको छ !

आफ्ना विचारलाई असत्यले धमिलो पार्न दिनेछैन, किनकि तिमीले सत्यको दीपकद्वारा मेरो विवेक प्रकाशित गरिदियौ !

म मेरो हृदयमा पापलाई पस्नदिन्न, किनकि त्यहाँ तिम्रो मूर्ति प्रतिष्ठासहित विद्यमान छ !
मेरा सबै काममा तिम्रो व्यक्तित्व हुनेछ, तिम्रो प्ररणानै रहनेछ !

## विश्राम

प्रियतम ! एकैछिन भए तापनि मलाई तिमीसँग बस्न पाउने अवकाश देऊ ! मेरा हातका काम म स्वतः पछि गर्नेछु ।

जब तिमी आँखादेखि अदेख हुन्छौ, मलाई पटक्कै शान्ति हुँदैन, न विश्राम पाउँछु ।

मेरा सबै कायभार तटहीन सागर झैं विशाल र विषम हुन्छन् ।

आज मेरो आँगनमा मेरा गरम उच्छ्वासका साथ वसन्त आएको छ । आज मौरी भमराका संगीतले मेरा कानमा आएर प्रतिध्वनित भइरहेछ ।
यस्तो मन लाग्छ :तिम्रो अगाडि चुपचाप बसिहूँ, अनि प्रंतिकूल अवकाशसँगै जीवनको पूर्ण समर्पणको गीत गाइरहूँ !